# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

साहित्यका विभिन्न विधाहरुमध्ये कथा विधा पनि एक आख्यानात्मक विधा हो । कथा गद्य साहित्यको गमलामा फक्रिएको सुन्दर फूल हो । सङ्क्षिप्ततााभित्र पूर्णता, माधुर्य, रोमाञ्चकता र कलात्मकता हुनु यसको पहिचान हो । “उच्चारण अवयवद्वारा उच्चारित मानवीय अभिव्यक्ति नै भाषा हो” (भुसाल, २०७१ : ३) । भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चार सिप रहेका छन् । भाषाका चार सिपहरूमध्ये लेखाइ परिष्कृत परिमार्जित अन्तिम सिप हो । यी भाषिक सिपहरू अभिव्यक्ति गर्ने वा अभिव्यक्तिका लिखित र मौखिक माध्यम हुन् । लेखाइ सिप भाषाको लिखित माध्यम हो । विद्यालय तहमा भाषिक सिपहरूको प्रचुरत्तम प्रयोग गरी शिक्षण गराउनु उचित हुन्छ भने माध्यमिक तहमा विद्यार्थीलाई विविध पक्षबाट ज्ञान दिई उनीहरूको व्यक्तित्व विकास गराउनु सान्दर्भिक हुन्छ (पौडेल, २०७१ :१-३) । कथा एउटा आख्यानात्मक विधा हो जसमा जसमा जीवनको कुनै एक खास क्षणको खास अंशको चित्रण गरिएको हुन्छ ।

साहित्यको एक सरल रोचक र महत्त्वपूर्ण विधा कथा हो । कथा विधालाई भाषिक सिप विकासका लागि सहयोग पुऱ्याउने लोकप्रिय विधाको रूपमा लिन सकिन्छ । व्यक्तिलाई भाषिक सिपमा निपूर्ण बनाउनको लागि लेखन सिपका परिष्कार परिमार्जन गरी सिर्जनात्मक क्षमतामा दक्ष बनाउनका लागि कथालेखन अत्यन्त उपयोगी हुन्छ ।

संस्कृत भाषाको कथ् धातुमा ‘अङ’ प्रत्ययबाट निष्पन्न कथ मा टाप ‘आ’ प्रत्यय लागेर कथा शब्दको निर्माण भएको हो । संस्कृत साहित्यमा कथालाई कथागाथा आख्यान भन्ने गरिन्थ्यो भने अङ्ग्रेजी साहित्यमा स्टोरी, टेल, फेवुल र अन्त्यमा सर्ट स्टोरी भन्न थालियो । वास्तवमा गद्य भाषाको किस्सा तथा पात्र प्रधान वा कथात्मक निबन्धको समाज स्पलाबाट आधुनिक कथा स्टोरी भन्न थालियो । नेपाली साहित्यमा छोटो किस्सा एउटा सानो आँखीझ्याल जहाँबाट एउटा सानो संसार चिहाइन्छ भनियो । थोरैमा मिठो र भरिलो हुनु कथाको विशेषता हो । कथा जतिको समाज सुधारक र मनुष्यउपर प्रभावकारी मनोरञ्जनात्मक सन्देशमूलक विधा हो (पुरी र अन्य, २०६९ : ३-५) । कथामा कला छ,

सामाजिक जीवनका जीवनजगत्का अनुभव, भोगाइ र घटनाहरूलाई जस्ताको त्यस्तै ऐनामा दृश्यात्मक रूपमा उतारिएको हुन्छ । जसले गर्दा कथालाई समाजको ऐना भन्न सकिन्छ । पूर्वीय एवम् पाश्चात्य साहित्य परम्परामा कथाको लामो परम्परा रहे पनि यसले सैद्धान्तिक मान्यता भने १९ औँ शताब्दीमा पाश्चात्य जगत्मा प्राप्त गरेको हो । जसले गर्दा कथाले साहित्यमा अन्य विधाभन्दा गरिमामय तथा लोकप्रिय विधाको रूपमा आफुलाई परिभाषित गरेको छ (वराल र अन्य, २०६७ : ३-४) ।

कथालाई जीवनको कुनै एक मुख्य घटना भाव दशा वा प्रकृति विशेषको चित्रण गर्दै समाज सुधारको अपेक्षा राख्दै एउटा सानो संसारलाई चियाउने आँखीभ्यालको कलामय अभिव्यक्तिका रूपमा परिचित गरिएको पाइन्छ । कथालाई हिन्दीमा कहानी, बङ्गालीमा गल्प नेपालीमा कथाकुथुङ्ग्री आहान आदि संज्ञा दिएको पाइन्छ । समयको बहावसँग अनुकूलित र परिवर्तित रूपमा देखापर्ने कथाले वर्तमानसम्म आइपुग्दा साहित्यका अन्य विधाका तुलनामा आफूलाई लोकप्रिय र महत्त्वपूर्ण विधाका रूपमा स्थापित गरेको छ ।

## १.२ समस्याकथन

अनुसन्धान गर्नका लागि छनोट गरिएको कुनै पनि विषय नै अनुसन्धानको समस्या हो । प्राज्ञिक जिज्ञासा नै शोधका समस्या हुन् । भाषाका आदानात्मक र प्रदानात्मक सिप रहेका छन् । आदानात्मकमा सुनाइ र पढाइ पर्दछन् भने प्रदानात्मकमा वोलाइ र लेखाइ सिप पर्दछन् । यसरी भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ गरी चारवटा सिपहरू रहेका छन् । भाषा सिकाइका लागि चारवटै सिपहरू अन्तर्सम्बन्धित छन् । भाषा विचार विनियमको प्रभावकारी माध्यम हो । भाषा आफैँमा व्यवस्थित हुन्छ । भाषाका विशेषताहरूमध्ये उत्पादनशीलता वा सिर्जनात्मकता पनि एक महत्त्वपूर्ण विशेषता हो । शैक्षणिक पाठ्यक्रमहरूमा कथालेखनसम्बन्धी सहर्ष महत्त्व दिइरहेको परिप्रेक्ष्यमा विद्यालय तहमा विशेषगरी कथा शिक्षण गरी विद्यार्थीको उत्पादनशीलता तथा सिर्जनशील क्षमताको विकास गराउनु अत्यन्त आवश्यक मानिन्छ । प्रस्तुत शोधका निम्नलिखित समस्या रहेका छन् :

क)	गुल्मी जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको समग्र कथालेखन क्षमता कस्तो छ ?

ख)	लैङ्गिक आधारमा उक्त कक्षाका विद्यार्थीहरूको कथालेखन क्षमता के-कस्तो छ ?

ग)	विद्यालयको प्रकृतिका उक्त कक्षाका विद्यार्थीहरूको कथालेखन क्षमता कस्तो छ ?

## १.३ अध्ययनको उद्देश्य

अनुसन्धान आफैँमा कठिन र जटिल कार्य भएकाले प्रस्तुत अनुसन्धानलाई व्यापक रूपमा दिनलाई निश्चित लक्ष्य र शोधकार्यको निमित्त उठाईएका मुलभूत प्रश्नहरूको जवाफ नै शोधको उद्देश्य भएकाले अनुसन्धान कार्यमा यसको अत्यन्तै महत्त्वपूर्ण भूमिका रहन्छ । प्रस्तुत शोधकार्यका निम्नलिखित उद्देश्यहरू रहेका छन् :

क)	गुल्मी जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको समग्र कथालेखन क्षमता पहिचान गर्नु,

ख)	लैङ्गिक आधारमा विद्यार्थीहरूको कथालेखन क्षमताको तुलना गर्नु ।

ग)	विद्यालयको प्रकृतिका आधारमा विद्यार्थीहरूको कथालेखन क्षमताको विश्लेषण गर्नु

## १.४ अध्ययनको सान्दर्भिकता र उपयोगिता

अनुसन्धान कार्य जुनसुकै विषयवस्तु र शीर्षकमा भए पनि चुनौतिपूर्ण नै हुने गर्दछ । भाषिक सिपहरूको शिक्षण नै भाषा शिक्षण भएकाले यससँग सम्बन्धित अनुसन्धान पनि अलि महत्त्वपूर्ण हुन्छ । हरेक अनुसन्धानका आ-आफ्नै महत्त्व रहेका हुन्छन् । खास विषय क्षेत्रका समस्यामा केन्द्रित रहेर अध्ययन अनुसन्धान गरिने हुँदा त्यस समस्याको समाधान गर्न उक्त अध्ययनको महत्त्व रहने गर्दछ । औचित्य विना कुनै पनि कार्यको थालनी गरिँदैन । तसर्थ प्रस्तुत शोधकार्यको पनि आफ्नै औचित्य वा महत्त्व रहेको छ ।

भाषाका चार सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइमध्ये लेखाइ सिपको विकासका लागि कथालेखन कथालेखन ज्यादै महत्त्वपूर्ण पक्षमा भनिन्छ । विद्यार्थीको लेखाइ क्षमता वृद्धि गर्न, भाषाविद्लाई पाठ्यक्रम सुधार परिमार्जन गर्न, पाठ्यपुस्तक प्रभावकारी एवम् उद्देश्यमूलक विषयवस्तु चयन गर्न शिक्षकलाई विद्यार्थीको स्तर सापेक्ष रूपबाट शिक्षण विधि एवम् प्रक्रियालाई बुझेर शिक्षण सिकाइ क्रियाकलापलाई प्रभावकारी व्यवस्थित,

वैज्ञानिक र उद्देश्यमुलक बनाउन लेखन क्षमताको अध्ययनबाट सहयोग पुग्ने हुँदा यस किसिमको अध्ययन महत्त्वपूर्ण हुन्छ । विद्यार्थीहरूको विकसित लिखित र संज्ञानात्मक तथा सिर्जनात्मक सिप क्षमताको पहिचान गर्ने प्रमुख आधार कथालेखन क्षमतालाई विशेष जोड दिएको छ । कथालेखन कार्य एउटा महत्त्वपूर्ण गोरेटो भएको कारण यो आफूमा जटिल विधाका रूपमा लिइन्छ । सिर्जनात्मक अभ्यास शीर्षकमा समसामयिक घटनाका विषयवस्तुहरू समावेश गरी अभ्यास गराउने उद्देश्यले नेपाली विषयवस्तुहरूमा कथालेखन प्रक्रियालाई जोड दिएको पाइन्छ । मा.वि. तहमा विद्यार्थीहरूको कथालेखन क्षमता पहिचान गरी सोही बमोजिमका क्रियाकलापका सरलता र सहजता मिलेको छ ।

कथालेखन प्रक्रिया लेखाइ सिपको विकासका प्रमुख कार्यकलापका रूपमा लेखन कार्य उपयुक्त छ । तसर्थ शुद्ध प्रासङ्गिक समय सापेक्ष रूपमा लेखेर आफ्नो जीविका उपार्जन कार्यक्रममा संलग्न व्यक्तिका लागि पनि कथालेखन आवश्यक हुन्छ । विद्यार्थीको लेखन क्षमता वृद्धि गर्न, भाषापाठ्यविद्‌लाई पाठ्यक्रम सुधार परिमार्जन गर्ने, पाठ्यपुस्तक, प्रभावकारी एवम् उद्देश्यमूलक विषयवस्तु चयन गर्न, शिक्षकलाई विद्यार्थीको स्तर सापेक्ष रूपबाट शिक्षण विधि एवम् प्रक्रियालाई बुझ्रेर सिकाइ क्रियाकलापलाई प्रभावकारी व्यवस्थित वैज्ञानिक उद्देश्यमूलक वनाउन लेखन क्षमताको अध्ययनलाई सहयोग पुग्ने बुँदा यस किसिमको अध्ययन महत्त्वपूर्ण हुन्छ ।

## १.५ शोधको परिसीमा

प्रस्तुत शोधको शीर्षक ‘गुल्मी जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन’ राखिएको भए पनि अनुसन्धानका क्रममा आइपर्ने आर्थिक, भौगोलिक तथा समयको अभावका कारणले गर्दा प्रस्तुत अध्ययनलाई निम्न सीमाभित्र सीमाङ्कन गरिएको छ :

क) गुल्मी जिल्लाका विद्यालयहरूमा मात्र अध्ययन सीमित रहेको छ ।

ख) लैङ्गिक आधारमा १० वटा विद्यालयका ५० जना छात्र र ५० जना छात्रा गरी १०० जना विद्यार्थीलाई मात्र समावेश गरिएको छ ।

ग) विद्यालय प्रकृतिका आधारमा ५ वटा सामुदायिक र ५ वटा संस्थागत विद्यालयलाई मात्र समावेश गरिएको छ ।

घ)	प्रस्तुत अध्ययन कथालेखन क्षमतामा मात्र आधारित भएर गरिएको छ ।

## १.६ शोधपत्रको रूपरेखा

शोधपत्रको संरचनालाई सङ्गठित र व्यवस्थित बनाउनका लागि विभिन्न अध्याय र त्यसअन्तर्गत शीर्षक र उपशीर्षक दिएर संरचित गरी शोधपत्रको रूपरेखा निर्माण गर्न सकिन्छ । प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ :

अध्याय एक : शोधपरिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

अध्याय तिन : शोधविधि र प्रक्रिया

अध्याय चार : लैङ्गिकताका आधारमा विद्यार्थीहरूको कथालेखन क्षमता

अध्याय पाँच : विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको कथालेखन क्षमता

अध्याय छ : सांराश, निष्कर्ष र उपयोगिता

सन्दर्भसामग्री सूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको समीक्षा

पूर्वकार्यको समीक्षा भन्नाले सम्बन्धित विषयमा के-कति अनुसन्धान भएका छन् । अहिले कति अनुसन्धान भए र अब कति अनुसन्धान हुन बाँकी छन् भन्ने कुराको शोधी खोजी हो । अनुसन्धान गर्नुभन्दा पहिले सम्बन्धित पाठ्यपुस्तक, पत्रपत्रिका, श्रव्यदृश्य सामग्री सुनेर पढेर अध्ययन अनुसन्धान गरेर त्यसबारे समीक्षा गर्नु नै पूर्वकार्यको अध्ययन हो । पूर्वकार्यको अध्ययनबाट आफूले गर्न लागेको अध्ययनसँग सम्बन्धित अध्ययन अनुसन्धानलाई उद्देश्यमूलक बनाउन सहयोग मिल्दछ ।

पूर्वकार्यको समीक्षा वा पूर्व अध्ययनबाट पूर्वनिर्मित शोध सामग्रीको अध्ययनबाट आफूले गर्ने शोधको सीमा, निर्माण, उद्देश्य, विधि र समस्या पहिचान गर्न समेत सहयोग प्राप्त हुन्छ । तसर्थ अध्ययनबाट आफूले गर्ने शोधकार्य सम्बन्धित विषयको शीर्षकमा सम्पन्न भए नभएको अनुसन्धानको समीक्षा गर्नु आवश्यक हुन्छ । व्यवस्थित र अर्थपूर्ण ढङ्गले शोधकार्य सम्पन्न गर्नका लागि उद्देश्य सार्थक बनाउन विगतको प्रयासहरूको समीक्षा गरिएको छ ।

### २.१.१ पुस्तक समीक्षा

शर्मा (२०५०) द्वारा लेखिएको *कथाको विकास प्रक्रिया* पुस्तकमा साहित्यिक दृष्टिले कथा र उपन्यास दुवै भिन्न र स्वतन्त्र विधा हुन् भनिएको छ तापनि यी आख्यानात्मक विधा भएकाले संरचक घटकहरूमा समानता पाइन्छ । यी विधामा विषयवस्तु प्रमुख र कथानक गौण रहन्छ भनिएको छ । आख्यानात्मक संरचक घटक एउटै भए पनि यसमा कथालेखनलाई अगाडि बढाएको छ । यसमा कथालेखने तरिका, त्यसका लागि आवश्यक पर्ने तत्त्व र विधिलाई समेत सहज ढङ्गले प्रस्तुत गरिएको छ । कुनै पनि कथाको घटनावली कालक्रममा लैजाने विधि तथा कथा कार्यकारणको सम्बन्ध जस्ता कुरालाई सहज ढङ्गले प्रस्तुत गरिएको देखिन्छ । यसमा कुनै पनि कथानकमा आदि, मध्य र अन्त्य भागको खाँचो पर्दछ भनिएको छ । यस आधारमा पात्रको छनोट गरी विषयवस्तुलाई अगाडि पर्दछ अनि मात्र आख्यानले जीवन्तता प्राप्त गर्दछ भन्ने कुरा समेत यसमा उल्लेख

गरिएको पाइन्छ। यस पुस्तकको प्रस्तुत शोधको सैद्धान्तिक अवधारणा निर्माण गर्न आंशिक रूपमा सहयोग पुऱ्याएको छ।

लामिछाने (२०५७) द्वारा लिखित *नेपाली भाषाशिक्षण परिचय* नामक पुस्तक विशेष गरी माध्यमिक तहमा विभिन्न सिप तथा विधाहरूको शिक्षण कसरी गर्ने भन्ने कुरामा केन्द्रित रहेको पाइन्छ। पच्चिसओटा एकाइ रहेको उक्त पुस्तकको एकाइ एकाधारमा लेखाइ शिक्षण रहेको छ जसअन्तर्गत लेखाइ शिक्षणको महत्त्व निर्देशित र सिर्जनात्मक लेखाइमा पाइने कमजोरी तथा तिनका निराकरणका उपायहरू र लेखाइ शुद्धीकरण जस्ता उपशीर्षकहरूको चर्चा परिचर्चा गरिएको पाइन्छ । यस पुस्तकबाट प्रस्तुत शोधको सैद्धान्तिक अवधारणा निर्माण गर्न धेरथोर सहयोग पुगेको छ।

पोखेल र अन्य (२०६४) द्वारा लिखित *कथाहरूमा प्रत्येक कथालाई मूलपाठ* शीर्षकमा पाठको केही अंश प्रस्तुत गर्दै त्यसको श्रुतिबोध प्रश्न तथा अर्थ लेख्नुपर्ने शब्द उल्लेख गरिएको छ। परिवेशको विश्लेषण गर्ने क्रममा कथाको परिवेश कहाँ, कहिले, पेसा, परम्परा तथा समग्र परिवेश के कस्तो छ भन्ने प्रसङ्गको स्पष्ट चर्चा गरिएको पाइन्छ। त्यसैगरी बुँदागत आधारमा प्रत्येक कथाको सन्देश प्रस्तुत गरिएको छ। यो पाठ्यपुस्तक पूर्णरूपमा विश्लेषणात्मक ढङ्गले तयार पारिएको नभई व्यावहारिक तरिकाले प्रयोग गर्नुपर्ने देखिन्छ। जसबाट शिक्षकलाई व्यावहारिक शिक्षण गर्न सहयोग जसबाट शिक्षकलाई व्यावहारिक शिक्षण गर्न सहयोग पुऱ्याउनुका साथै सिकारुका लागि कण्ठ गर्नुभन्दा गरेर सिक्ने बानीको विकास गराउन मद्दत पुग्ने देखिन्छ।

अधिकारी (२०६९) द्वारा लिखित *नेपाली भाषाशिक्षण* नामक पुस्तकमा भाषा शिक्षणको विभिन्न पक्षहरूको चर्चा गर्ने क्रममा लेखाइ शिक्षण अध्ययन पनि समावेश गरिएको छ । यसमा लेखाइसम्बन्धी कार्यकलापहरू लेखाइका शुद्धीकरण आभ्यासिक तथा निर्देशित लेखन र स्वतन्त्र तथा सिर्जनात्मक लेखनका बारेमा चर्चा गरिएको छ। नेपाली भाषा शिक्षणमा कथाले श्वतसम्बन्धी सूचनालाई लेखाइ शिक्षण कार्यकलापहरू नामक शीर्षकअन्तर्गत समावेश गरिएको छ । यस पुस्तक शोधको सैद्धान्तिक अवधारणा निर्माण गर्ने आधारमा सामग्री रूपमा लिइने छ।

शर्मा र पौडेल (२०७०) द्वारा सहलेखनमा तयार पारिएको *नेपाली भाषा र साहित्य शिक्षण* नामक पुस्तकमा आख्यान एक लोकप्रिय विधा हो भनिएको छ । यस पुस्तकमा कथा खास गरी सबै उमेरका श्रोता र पाठकले स्वीकार गरेको विधा हो भनी उल्लेख गरिएको छ । यस पुस्तकमा भाषिक सिप कलामा साथै साहित्य शिक्षणलाई पनि समेटिएको पाइन्छ । यसमा कथा शिक्षणको मुख्य उद्देश्य भनेको जीवन र जगतका आन्तरिक तथा बाह्य पक्षसँग परिचित गराउनु हो भनेर भनिएको छ । यसमा कथा शिक्षणका क्रममा शिक्षण विधिका रूपमा व्याख्यान, छलफल/प्रश्नोत्तर, तुलना, समीक्षा, परियोजना, पठनबोध, कक्षा प्रस्तुतीकरण आदि विधिलाई आत्मसात गरेको पाइन्छ । साथै यसमा कथा शिक्षणका क्रममा अवलम्बन गर्नुपर्ने विविध क्रियाकलापका साथै कथालेखन पनि महत्त्वपूर्ण रहेको कुरा व्यक्त गरिएकोले प्रस्तुत शोधकार्यको सैद्धान्तिक अवधारणा निर्माण गर्न थप सहयोग पुगेको छ ।

अधिकारी र शर्मा (२०७१) द्वारा *प्रारम्भिक नेपाली शिक्षण* नामक पुस्तकमा प्राथमिक विद्यालयका बालबालिकाको भाषिक सिपको लागि प्रस्तावमा छलफल, प्रश्नोत्तर र घटनाक्रम मिलाउने मौखिक प्रतिवेदन दिने जस्ता कुरा यस पुस्तकमा उल्लेख गरिएको छ । विद्यालयको तल्लो तहदेखि नै कथालेखन गराउँदा माथिल्लो तहसम्म यस कार्यमा सरलता, सहजता प्राप्त हुने कुराको सङ्केत गरेको छ । यसले कथा सैद्धान्तिक अवधारणा प्राप्त गर्न सहयोग गर्ने छ । साथै कथा शिक्षण गर्ने जस्ता विविध विषयको बारेमा सैद्धान्तिक अवधारणा दिन महत्त्वपूर्ण भूमिका निर्वाह गर्न सहयोग गर्नेछ ।

बराल र एटम (२०७२) द्वारा सहलेखनमा तयार पारिएको *माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास* नामक पुस्तकमा कुनै पनि दृष्टांश र पहिले जाने. सुनेका, पढेका गद्यांश वा पद्यांशमा रहेका मूल विचारलाई त्यसको सिलसिला वा सन्दर्भ दिएर व्याख्या गरी प्रष्ट पार्न उदाहरण दृष्टान्त तथा उपमा दिएर आफ्नो विचार दिइन्छ । यस पुस्तकले प्रस्तुत शोधको सैद्धान्तिक अवधारणा निर्माण गर्न आधार प्राप्त भएको छ ।

### २.१.२ शोधपत्रको समीक्षा

भण्डारी (२०६३) द्वारा 'कक्षा आठ पुरा गरेका विद्यार्थीहरूको निबन्धलेखन अभिव्यक्ति क्षमताको अध्ययन' शीर्षकमा अनुसन्धान भएको पाइन्छ । प्रस्तुत शोधको

उद्देश्य कक्षा आठ पुरा गरेका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अभिव्यक्ति सामर्थ्यको अध्ययन गर्नु, संस्थागत तथा सामुदायिक विद्यालयका विद्यार्थीहरूको निबन्धलेखन क्षमताको तुलना गर्नु, फरक-फरक भाषिक पृष्ठभूमि भएका विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको तुलना गर्नु तथा ग्रामीण र शहरी विद्यार्थीहरूको निबन्धलेखन अभिव्यक्ति क्षमताको अध्ययन गर्नु तथा छात्र छात्राको निबन्धलेखन क्षमताको अध्ययन गर्नु रहेको छ । प्रस्तुत शोध क्षेत्रीय अध्ययन विधिको प्रयोग गरी नमुना छनोटका रूपमा उपत्यकाका सामुदायिक र सस्थागत गरी १० ओटा विद्यालयका जम्मा १०० जना विद्यार्थीहरू रहेका छन् । तथ्याङ्क सङ्कलनका क्रममा दिइएको शीर्षकको परीक्षणपश्चात् तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी त्यसैका आधारमा व्याख्या तथा विश्लेषण गरिएको छ । विश्लेषणका क्रममा आएका कुरालाई निष्कर्षमा बुँदागत रूपमा प्रस्तुत गरिएको छ । उक्त शोधपत्र प्रस्तुत शोधका लागि उपयोगी मानिएकाले यसको शोधकार्यको सामग्री सङ्कलन तथा उद्देश्य निर्धारण गर्न सहयोग पुऱ्याएको छ

निरौला (२०६५) द्वारा 'कथा नौमा अध्ययनरत विद्यार्थीहरूका कथालेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त कार्यमा समग्र कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र सस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको पहिचान गर्नु, सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको तुलनात्मक स्थिति पहिल्याउनु, छात्र र छात्राहरूको कथालेखन क्षमताको स्थितिको मूल्याङ्कन गर्नु उद्देश्यहरू रहेका छन् । यस अध्ययनमा सर्वेक्षणात्मक विधिहरूको प्रयोग गरी काठमाडौं जिल्लाका दशवटा विद्यालयमा अध्ययनरत १०० जना विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । निष्कर्षका रूपमा कक्षा नौमा अध्ययनरत विद्यार्थीमा भाषाको लिखित अभिव्यक्ति क्षमता कमजोर रहेको देखिन्छ । समग्रमा संस्थागत विद्यालयका विद्यार्थीको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमता राम्रो देखिन्छ । विद्यार्थीबाट प्राप्त उत्तर पुस्तिकाको परीक्षणपश्चात् प्राप्त तथ्याङ्कलाई प्रतिशतमा रूपान्तरण गरी तथ्याङ्कको व्याख्या तथा विश्लेषण गरी निष्कर्ष र सुझाब प्रस्तुत गरिएको पाइन्छ । उक्त अनुसन्धानबाट प्रस्तुत शोधकार्यको मार्गनिर्देश प्रदान गर्दछ ।

खत्री (२०६६) द्वारा 'उच्च माध्यमिक तह कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन शीर्षकमा शोधकार्य सम्पन्न गरेको पाइयो । समग्र सिपगत आधारमा विद्यार्थीको अनुच्छेदलेखन क्षमताको अध्ययन गर्नु, भाषिक पृष्ठभूमिको आधारमा लैङ्गिकताको आधारमा विद्यार्थीको अनुच्छेद राखिएको पाइयो । यसैगरी नमुना सर्वेक्षण विधि, जनसङ्ख्या पहिचान सर्वेक्षण विधिको उपयोग गरिएको छ । लैङ्गिक क्षमताको आधारमा तुलना गर्दा छात्राको भन्दा छात्रको नै अनुच्छेद लेखन क्षमता उच्च रहेको र समग्र सिपगत आधारमा अनुच्छेदलेखन क्षमताको उत्तम नै निष्कर्ष निकालेको पाइयो । यस शोधपत्रको पनि अध्ययनको क्रममा सहयोग मिल्ने देखिन्छ ।

सापकोटा (२०६७) द्वारा 'काभ्रे जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधपत्र तयार पारिएको छ । काभ्रे जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको पहिचान गर्नु, नीति तथा सरकारी विद्यालयका छात्रछात्राहरू बिच अनुच्छेदलेखनका स्थिति पहिल्याउनु, भाषिक पृष्ठभूमिका आधारमा अनुच्छेदलेखन तुलना गर्नु आदि जस्ता उद्देश्य राखी क्षेत्रीय अनुसन्धान नमुना जनसङ्ख्या विधिको प्रयोग गरी नेपाली मातृभाषी र विमातृभाषी छात्रछात्रा नै अनुच्छेदलेखनमा अगाडि बढेको निष्कर्ष निकालेको पाइन्छ ।

अधिकारी (२०६८) द्वारा 'कक्षा सातमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' शीर्षकमा शोधकार्य पुरा भएको पाइन्छ । यस अध्ययनको उद्देश्य विद्यार्थीहरूको निर्देशित अनुच्छेदलेखन क्षमताको पहिचान गर्नु, नेपाली भाषी र दोस्रो भाषी, सामुदायिक र संस्थागत लैङ्गिक आधारमा विद्यार्थीहरूको तुलनात्मक अध्ययन गर्नु र अनुच्छेद लेखनसँग सम्बन्धित समस्या र कठिनाई पत्ता लगाई आवश्यक सुझाब दिनु रहेको छ । यस अध्ययनमा धादिङ जिल्लाका १० वटा सामुदायिक र संस्थागत विद्यालयका १०० जना विद्यार्थीहरूलाई प्रतिनिधि नमुना छनोट गरी अनुच्छेदलेखन क्षमताको अध्ययन गरिएको छ ।

काफ्ले (२०७२) द्वारा 'झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन' नामक शोधकार्य तयार गरेको पाइन्छ । क्षेत्रीय अध्ययन विधिबाट सामग्री निर्माण, पूर्व परीक्षणबाट तथ्याङ्क सङ्कलन गरी त्यसैका आधारमा विद्यालयको प्रकृतिका आधारमा र भाषिक पृष्ठभूमिका आधारमा विद्यार्थीको अनुच्छेदलेखन

क्षमताको तुलनात्मक अध्ययन गर्ने उद्देश्य राखिएको छ । निष्कर्षमा अनुच्छेदलेखनमा नेपाली दोस्रोभाषीभन्दा पहिलोभाषी नेपाली विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमता राम्रो पाइयो । साथै अनुच्छेद लेखनमा पछि परेका विद्यार्थीहरूलाई मिलाई थप अभ्यास गराउनु पर्ने, तालिम प्राप्त शिक्षकद्वारा नेपाली विषय पठाउने परिपाटीको विकास गराउनुपर्ने आदिजस्ता सुझावहरू पनि प्रस्तुत गरिएको छ ।

न्यौपाने (२०७२) द्वारा 'तनहुँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन' नामक शोधशीर्षकमा शोधकार्य तयार गरेको पाइन्छ । क्षेत्रीय अध्ययन विधिबाट सामग्री निर्माण, पूर्वपरीक्षणबाट तथ्याङ्क सङ्कलन गरी त्यसैका आधारमा विद्यालयको प्रकृतिका आधारमा, भाषिक पृष्ठभूमिका आधारमा, लैङ्गिक आधारमा र समग्र कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको तुलनात्मक अध्ययन गर्ने उद्देश्य राखिएको छ । निष्कर्षमा कथालेखनमा सिपगत, मौलिकता, शुद्धता, स्तरयुक्ततालाई नियाल्दा कथालेखन क्षमता सन्तोषजनक देखियो । भाषिक पृष्ठभूमिका आधारमा नेपाली भाषीभन्दा दोस्रोभाषी विद्यार्थीहरूको कथालेखन क्षमता सन्तोषजनक पाइन्छ । लैङ्गिकताको आधारमा हेर्दा छात्राहरूको तुलनामा छात्राहरूको कथालेखन क्षमता राम्रो रहेको पाइन्छ । विद्यालय प्रकृतिका आधारमा हेर्दा सामुदायिक विद्यालयभन्दा संस्थागत विद्यालयको कथालेखन क्षमता राम्रो देखिन्छ । यस शोधकार्यमा विद्यालय प्रकृति, भाषिक पृष्ठभूमि र लैङ्गिक आधारमा कथालेखन क्षमता पहिचान गर्नु नै यस शोधकार्यको मुख्य उद्देश्य रहेको पाइन्छ । यो शोधपत्रले आगामी शोधपत्र लेखनका लागि सैद्धान्तिक आधार प्रदान गर्नेछ ।

पौडेल (२०७३) द्वारा 'बर्दिया जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीको निर्देशित कथालेखन क्षमताको अध्ययन' नामक शोधकार्य तयार पारिएको छ । यस शोधकार्यमा विभिन्न भाषिक पृष्ठभूमि, लैङ्गिकता र विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको निर्देशित कथालेखन क्षमता कस्तो छ भनी अध्ययन गरिएको छ । क्षेत्रीय अध्ययन विधिबाट सामग्री सङ्कलन गरी तयार पारिएको यस शोधकार्यमा समग्र निष्कर्षलाई हेर्दा कथालेखन क्षमता सन्तोषजनक नै देखिन्छ । विद्यालय प्रकृतिका आधारमा सस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमता राम्रो रहेको पाइन्छ । लैङ्गिकताका आधारमा छात्रहरूको तुलनामा छात्राहरूको कथालेखन क्षमता राम्रो रहेको

पाइन्छ । भाषिक पृष्ठभूमिका आधारमा दोस्रोभाषी नेपालीभन्दा पहिलोभाषी नेपाली विद्यार्थीको कथालेखन क्षमता कमजोर पाइन्छ विद्यार्थीहरूलाई विभिन्न निर्देशनका आधारमा कथालेखन क्षमताको अध्ययन गर्नु नै यस शोधकार्यको उद्देश्य हो । प्रस्तुत शोधपत्रले कथालेखन क्षमताको शोधपत्र तयार पार्न सैद्धान्तिक र व्यावहारिक रूपमा सहयोग पुऱ्याउने छ ।

यसरी पूर्वकार्यको समीक्षा गर्दा कथालेखन क्षमतासम्बन्धी प्रशस्तै अनुसन्धान भएका भेटिन्छन् तर गुल्मी जिल्लाका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूको समग्र कथालेखन क्षमता लैङ्गिक आधारमा, विद्यालय प्रकृतिको आधारमा, भाषिक पृष्ठभूमिका आधारमा विश्लेषणात्मक तथा तुलनात्मक अध्ययन भएको पाइँदैन । उल्लेखित अध्ययनहरू यस अध्ययनका लागि आंशिक आधार बनाई यो प्रस्तुत अनुसन्धान तुलना, व्याख्या विश्लेषण गरी अन्य अनुसन्धानभन्दा भिन्न र मौलिक र नवीन बनाइने छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ कथाको परिचय

'कथ्' धातुमा आ प्रत्यय लागेर बनेको 'कथा' एक प्रकारको स्वतन्त्र साहित्यिक रचनालाई बुझाउन प्रयोग गरिने शब्द हो । नेपालीमा यसलाई अङ्ग्रेजी भाषाको 'सर्ट स्टोरी' (Short Story) शब्दको अनुवादका रूपमा लिइन्छ । यसको शाब्दिक अर्थ गद्यमा लेखिने छोटो आख्यान भन्ने हुन्छ । कथा हुनका लागि आधारभूत रूपमा 'भनिने कुरा' न्यारेसन र भन्ने व्यक्ति वा कथयिता (न्यारेटर) आवश्यक ठानिन्छन् (बराल र अन्य, २०६७ : ३) ।

कथा पाश्चात्य साहित्यमा स्थापित र विकसित भएको आधुनिक विधा हो । इसापूर्व २००० तिर नै इजिप्टमा अरबी भाषामा उपदेशात्मक कथात्मक रचना देखिएका छन् । संस्कृतमा पनि कथात्मक रचनाको प्रचलन पञ्चतन्त्र इसापूर्व ५०० तिरदेखि नै भएको पाइन्छ तर अहिले कथाको जुन मूल्य, ढाँचा र स्वरूप छ, त्यसको प्रारम्भ भने इसाको उन्नाइसौं शताव्दीको पूर्वार्द्धमा मात्र भएको देखिन्छ (पुरी, २०६९ : ३) ।

गद्यमा कथात्मक रचना (किस्सा) रचना गर्ने पहिलो महत्त्वपूर्ण प्रतिभा इटालीका जियोभानी बोकासियो (सन् १३१३-१३७५) हुन् । उनको एकसय किस्साहरूको सङ्कलित

कृति डेका मेराँ अत्यन्त प्रसिद्ध छ । इटालेली भाषामा त्यसता किस्सालाई 'नोभेला' भनिन्थ्यो । ती 'नोभेला' नै विश्व साहित्यमा कथा र उपन्यासका सबैभन्दा नजिकका पुर्खा हुन् । गद्यमा स्वच्छन्द भाषिक प्रयोग तथा प्रेम र साहसका क्रियालाई केही हदसम्म सामाजिक धरातल दिनु तिनको विशेषता हो तर तिनले कथात्मक एकत्व प्रभावको केन्द्रीयता र चरित्रको स्वाभाविक विकास देखाउन सकेका छैनन् । त्यसपछि फ्रान्स, जर्मनी स्पेन, बेलायत रुस आदि देशमा कथात्मक रचनाको प्रचलन कथालेखनका क्षेत्रमा महत्त्वपूर्ण रचना आइसके पनि त्यति बेला कथालाई छुट्टै स्वतन्त्र साहित्यिक विधाको मान्यता मिलिसकेको थिएन । सन् १८४२ मा अमेरिकाली कथाकार एडगर एलेन पोले ग्राहम्ज म्यागाजिन भन्ने पत्रिकामा नाथेनल हथर्नको ७ ट्वाइस-टोल्ड टे इल्ज (१८३७) कथा सङ्ग्रहको समीक्षा गर्दै 'द इम्पोर्टेन्स अफ द सिङ्गल इफिक्ट इन अ प्रोज टेइल' शीर्षकको लेख छपाए । त्यसै लेखमा उनको कथाको विधागत स्वरूपको स्थापना गरेका हुन् र त्यसपछि यसले विधाको मान्यता पनि पाएको हो । कथा भन्ने र सुन्ने परम्पराको थालनी प्राचीन कालदेखि नै भएको पाइन्छ । कथा शब्दको अर्थ युग र परम्पराअनुसार निर्धारित हुँदै आएको पाइन्छ । कथाको अर्थलाई पहिल्याउने क्रममा अलिखित रूपमा रहेको लोक कथासम्म पुग्नुपर्ने हुन्छ । मानव सभ्यताको सुरुवातसँगै मानिसले आफ्ना सुख, दुःख, हर्ष, पीडा, खुसी आदिलाई आफन्तहरू माझ प्रस्तुत गर्दै  गयो । सभ्यताको विकास सँगसँगै संसारमा लोककथा, ब्राह्मणकथा, नीतिकथा, अति कल्पनात्मक कथाका साथै आधुनिक कथाहरूको प्रादुर्भाव हुँदै गएको हो ।

साहित्यका अन्य विधालाई झैँ कथालाई पनि विभिन्न विद्वान्हरूले सैद्धान्तिक ढाँचामा अनुबन्धित गर्दै परिभाषित गरेका छन् । वास्तवमा कथाले आफ्नो स्वरूपलाई युग सापेक्षित परिवर्तन गर्दै लगेकाले यसलाई कुनै निश्चित परिभाषा वा परिचयमा समेट्न सकिँदैन । कथालाई मानवीय मस्तिष्क र दृश्यलाई आकर्षित गर्ने भाव र विचारको सुन्दर र समायोजनमा अनुबन्धित जीवन र जगत्सम्बन्धी कुनै एक पक्षको सजीव चित्रलाई सानो आयतनमा समाहित गरिएको कलात्मक गद्यमय अभिव्यक्तिका रूपमा परिभाषित गरिएको पाइन्छ (पौडेल, २०७३ : १२) ।

साहित्यका प्रायः सबै विधाहरू निश्चित सैद्धान्तिक संरचनामा संरचित हुन्छन् । त्यही सैद्धान्तिक ढाँचामा आधारित भएर विभिन्न विद्वान्हरू, समालोचकहरू र

कथाकारहरूले कथालाई परिभाषित गरेका छन् । कथाको परिभाषाका सम्बन्धमा विद्वान्हरू बिच एकमत पाइँदैन । कथा साहित्यको अत्यन्त लोकप्रिय विधा हो । यही लोकप्रियताका कारण कथाका परिभाषालाई सीमाङ्कन गर्न गाह्रो छ । तथापि कथाका सम्बन्धमा पूर्वीय तथा पाश्चात्य विद्वान्हरूका परिभाषाहरूमध्ये केही प्रमुख परिभाषालाई तल उल्लेख गरिएको छ ।

एड्गर एलेन पोका अनुसार "कथा त्यही हो जो आधा घन्टादेखि एक वा दुई घण्टा भित्रमा राख्न सकिन्छ" भनी उल्लेख गरेका छन् । त्यस्तै एन्तोन चेखोभले कथालाई "कथा एक किसिमको घोडा दौड हो ।" भनी परिभाषित गरेका छन् ।

त्यस्तै लक्ष्मीप्रसाद देवकोटाका अनुसार "कथा एउटा सानो झ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ ।" उल्लिखित छ । गोविन्दबहादुर मल्ल गोठालेले "जीवनमा आइपरेका घटनाको स्मृति नै कथा हो ।" भनेका छन् ।

यसरी कथाका सम्बन्धमा पूर्वीय र पाश्चात्य विद्याहरूले दिएका परिभाषाका आधारमा विश्लेषण गर्दा यो मानव जीवनको सम्पूर्णताको सङ्क्षिप्त तर परिपुष्ट रूप हो भन्न सकिन्छ । कथा गद्य साहित्यको गमलामा फक्रिएको सौन्दर्य फुल हो । सङ्क्षिप्तताभित्र पूर्णता माधुर्य, रोमाञ्चकता र कलात्मभक हुनु यसको पहिचान हो । आदि, मध्य र अन्त्यको अन्वितियुक्त सम्बन्ध भएको गद्य रचना नै कथा हो । समग्रमा कथा एउटा आख्यानात्मक  गद्य विधा हो जसमा जीवनको कुनै एक खास क्षणको खास अंशको चित्रण गरिएको हुन्छ (पुरी, २०६९ : ५) ।

### २.२.२ **कथाको परिभाषा**

साहित्यका प्रायः सबै विधाहरू निश्चित सैद्धान्तिक संरचनामा संरचित हुन्छन् । त्यही सैद्धान्तिक ढाँचामा आधारित भएर विभिन्न विद्वान्हरू तथा कथाकारहरूले कथालाई परिभाषित गरेका छन् । कथाको परिभाषाका सम्बन्धमा विद्वान्हरू बिच एकमत पाइँदैन । कथा साहित्यको अत्यन्त लोकप्रिय विधा हो । यही लोकप्रियताका कारण कथाका परिभाषालाई सीमाङ्कन गर्न गाह्रो छ । तथापि कथाका सम्बन्धमा पूर्वीय तथा पाश्चात्य विवद्वान्हरूका परिभाषाहरूमध्ये केही प्रमुख परिभाषालाई तल उल्लेख गरिएको छ ।

लक्ष्मीप्रसाद देवकोटाले कथालाई "कथा एउटा सानो झ्याल हो जहाँबाट एउटा सानो संसार चियाइन्छ ।" भनी उल्लेख गरेका छन् । त्यस्तै कथाको परिभाषा दिने क्रममा

गुरुप्रसाद मैनालीले “कुनै एउटा पात्रको जीवनको सङ्कटमय घटनालाई कलापूर्ण रीतिले लेख्नु नै कथा रचना हो ।” भनी परिभाषित गरेका छन् । “जीवनमा आइपरेका घटनाको स्मृति नै कथा हो ।” भनी गोविन्दबहादुर मल्ल गोठालेले चित्रण गरेका छन् । “कथा त्यही हो जो आधा घन्टादेखि एक वा दुई घण्टा भित्रमा पढ्न सकिन्छ ।” भनी एडगर एलेन पो ले परिभाषित गरेका छन् । त्यस्तै एच.जी. वेल्सले “बिस मिनेटमा पढ्न सकिने कुनै पनि सङ्क्षिप्त आकारको गद्य लेखन नै कथा हो ।” भनी कथाको परिभाषा दिएका छन् । साथै जे. डब्ल्यू ले पनि कथालाई यसरी परिभाषित गरेका छन् - “कथा कुनै एक चरित्रको जीवनको कुनै एक मार्मिक प्रसङ्गको नाटकीय रूपमा गरिएको प्रस्तुतिकरण हो ।”

कथा गद्य साहित्यको गमलामा फक्रिएको सुन्दर फूल हो । सङ्क्षिप्तताभित्र पूर्णता, माधुर्यता, रोमाञ्चकता र कलात्मकता हुनु यसको पहिचान हो । आदि, मध्य र अन्त्यको अन्वितियुक्त सम्बन्ध भएको गद्य रचना नै कथा हो । कथा एउटा आख्यानात्मक गद्य विधा हो जसमा जीवनको कुनै एक खास क्षणको खास अंशको चित्रण गरिएको हुन्छ ।

### २.२.३ कथाको स्वरूप

कथा ‘कथ्’ धातुमा ‘आ’ प्रत्यय लागेर बनेको हो । यो साहित्यको एक स्वतन्त्र विधा हो । कथाको प्रारम्भ मानव सभ्यताको विकाससँगै भएकाले यो मानव इतिहास जति लामो परम्परा भएको गद्य रचना हो । मानिसले सभ्यताका सिढीहरू चढ्दै जाँदा कथाको स्वरूपमा पनि परिवर्तन आएको पाइन्छ । यही क्रममा संसारमा लोककथा, वैदिक कथा, ग्रन्थ कथा, पौराणिक कथा, नीति कथा, मनोरञ्जनात्मक कथा, रोमान्सेली कथा, अति कल्पनात्मक कथा हुँदै आधुनिक कथाले आफ्नो स्वरूप ग्रहण गरेको हो ।

कथा सत्य घटनामा आधारित आख्यान हो । कुने एउटा पात्रको जीवनको सङ्कटमय घटनालाई कलापूर्ण रीतिले प्रस्तुत गर्नु कथा हो । कथा एक बसाइमा सजिलै पढिसकिने हुनुपर्दछ । कथाको भाषाशैली सरल सहज र सम्प्रेषणीय हुनुपर्दछ । कथा मानव जीवनको सम्पूर्णताको सङ्क्षिप्त तर परिपुष्ट रूप हो भन्न सकिन्छ । कथा गद्य सवाहित्यको गमलामा फक्रिएको सुन्दर फूल हो । सङ्क्षिप्तताभित्र पूर्णता, माधुर्यता, रोमाञ्चकता र कलात्मकता हुनु यसको पहिचान हो । आदि, मध्य र अन्त्यको अन्वितियुक्त सम्बन्ध भएको गद्य रचना नै कथा हो । समग्रमा कथा एउटा आख्यानात्मक गद्य विधा हो जसमा जीवनको कुनै एक खास क्षणको खास अंशको चित्रण गरिएको हुन्छ ।

कथाको निर्माण हुनका लागि विभिन्न तत्त्वहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गरेका हुन्छन् । जस्तैः कथावस्तु पात्र तथा चरित्र, संवाद वा कथोपकथन, वातावरण, दृष्टिविन्दु, भाषाशैली, उद्देश्य आदि यी कुराहरू भयो भने मात्र कथा निर्माण हुन सक्छ ।

### २.२.४ **कथाको तत्त्वहरू**

कथाको परिपुष्ट संरचनाा लागि आवश्यक पर्ने अङ्गलाई नै कथाका तत्त्व वा उपकरण भनिन्छ । तत्त्वलाई उपकरण वा अवयव वा संरचक घटक पनि भन्ने गरिन्छ । यो कथा विधाको रचनाका लागि अनिवार्य मानिन्छ । विभिन्न तत्त्वहरूको बुनोटबाट कथाले मूर्त/साकार रूप प्राप्त गर्दछ । कथाका तत्त्वहरू के-के हुन् भन्ने विषयमा विभिन्न विद्वान्हरूको मतमतान्तर रहेको पाइन्छ । विद्वान्हरूका बिच जे जस्ता मत मतान्तर पाइए तापनि कथालाई रूपाकार दिने प्रमुख तत्त्वहरू निम्नलिखित छन् :

#### (क) **कथावस्तु**

कथामा पाइने घटनाहरूको मूल विषयवस्तु वा सारतत्वलाई कथावस्तु भनिन्छ । कथाभित्रका घटनावली वा त्यसको शृङ्खलासँग सम्बन्धित भएर हेर्दा यसलाई कथानक पनि भनिन्छ । कथावस्तुमा घटित घटनामा सहजता र स्वभाविकता हुनुका साथै घटनाहरू तार्किक र रहस्यपूर्ण शृङ्खलामा हुनुपर्दछ । कथामा घटनाहरूलाई निश्चित सिलसिलामा संरचित गरिएको हुन्छ । कथाको विषयवस्तुलाई कथाकारले आफै वा पात्रको माध्यमबाट निश्चित गोरेटो प्रदान गर्ने काम गरेका हुन्छन् । कथावस्तु ऐतिहासिक सामाजिक, पौराणिक र काल्पनिक विषयवस्तुमा आधारित हुन्छ । कतिपय अवस्थामा कथाकारले देखेका भोगेका, सुनेका यथार्थहरू घटनामा आधारित कथाको सिर्जना गरेका हुन्छन् । कथावस्तुमा मौलिकता र नवीनता हुनु आवश्यक हुन्छ ।

#### (ख) **पात्र तथा चरित्र**

कथामा वर्णित वा सहभागी मानवीय तथा मानवेतर प्राणीलाई पात्र वा चरित्र भनिन्छ । पात्र विनाको कथा कल्पना शून्य हुने हुँदा पश्चिमी कथाहरूले चरित्र चित्रणलाई कथाको प्रमुख अङ्ग मानेका पाइन्छ । कथाको विषयवस्तु र उद्देश्यअनुसार समाजको संरचनामा आधारित भएर पात्रहरूको चयन गरिनुपर्दछ । कथामा पात्रहरूको सङ्ख्या यति नै हुनुपर्दछ भन्ने कुनै निश्चित मापदण्ड छैन तथापि जीवनका अंश विशेषको मात्र चित्रण

भएकाले यसमा कम मात्र हुनु उपयुक्त मानिन्छ । कथाकारले जीवनजगत्सम्बन्धी आफ्ना मान्यताहरू पात्रका माध्यमबाट व्यक्त गरेका हुन्छन् । कथाकारले विषयवस्तुको प्रकृतिको विशिष्टताका आधारमा पात्रलाई प्रथम पुरुष वा तृतीय पुरुषको ढाँचामा प्रस्तुत गरेर कथावस्तुलाई पूर्ण बनाएको पाइन्छ ।

(ग) **संवाद वा कथोपकथन**

कथामा प्रयुक्त पात्रहरूका बिचमा हुने कुराकानी संवाद वा प्रश्नोत्तरलाई संवाद तथा कथोपकथन भनिन्छ । कथावस्तुलाई गति, दिन, पर्यावरणको साक्षात प्रस्तुति गर्न र पात्रलाई जीवन्तता दिनका लागि संवादको आवश्यकता पर्दछ । कथामा संवादको प्रयोग नाटक र एकाङ्कीमा जस्तो अनिवार्य मानिदैन स्वाभाविक मात्र हो । कथामा प्रयोग गरिने संवाद सरल, संक्षिप्त, आकर्षक, सारपूर्ण र प्रभावपूर्ण हुनु आवश्यक छ ।

(घ) **वातावरण**

कथामा कार्य व्यापार हुने स्थान, समय र त्यसले पाठकमा उत्पन्न गर्ने मानसिक तरङ्गलाई देश, काल र परिस्थिति अर्थात् वातावरण/पर्यावरण भनिन्छ । कथाभित्र मानवीय संस्कार, चालचलन, रीतिरिवाज, रहनसहन तथा मानवीय जीवन भोगाइका झाँकीहरू समेत पर्दछन् । त्यसैले कथाको साक्षात प्रस्तुतिका लागि देश, काल र परिस्थिति स्वाभाविक, वास्तविक, कलात्मक, प्राकृतिक, प्रभावकारी र जीवन्त हुनु आवश्यक छ । कथामा कथा पढ्दा पाठकलाई काल्पनिक रूपमा कुनै स्थान विशेष, समय र परिस्थिति परिवेशको साक्षात् अनुभूति दिलाउने वातावरण हुनु राम्रो मानिन्छ । वातावरणका आन्तरिक र बाह्य गरी दुई पक्ष हुन्छन् । आन्तरिक पक्षमा मनोवैज्ञानिक धरातल पर्दछ जसमा पात्रको मानसिकताको अभिव्यक्ति रहन्छ । बाह्य पक्ष वा भौतिक पक्षमा कुनै ठाउँ विशेषको चित्रात्मक प्रस्तुति रहेको हुन्छ ।

(ङ) **दृष्टिविन्दु**

कथाकारले कथामा पात्रलाई प्रस्तुत गर्ने स्थान ठाउँ वा कोण विशेषलाई दृष्टिविन्दु भनिन्छ । यो एक किसिमको हेराइको केन्द्र हो । कथाकारले कल्पना गरेको आख्यानात्मक घटनामा सहभागी व्यक्तिलाई कुन स्थानमा राखेर कथाको वर्णन गरिएको छ । दृष्टिविन्दुलाई आन्तरिक र बाह्य गरी दुई प्रकारमा विभाजन गर्न सकिन्छ ।

(अ) **आन्तरिक वा प्रथम पुरुष दृष्टिविन्दु**

कथयिता आफै कथाको पात्र भई कथा भित्रका घटना र सन्दर्भको विवरण प्रस्तुत गर्ने शैली आन्तरिक दृष्टिविन्दु हो । यसमा प्रथम पुरुष (म, हामी) का माध्यमबाट अनुभूति तथा भावनात्मक अभिव्यक्त गर्ने गरिन्छ ।

(आ) **बाह्य वा तृतीय पुरुष दृष्टिविन्दु**

कथयिता आफू कथाभन्दा बाहिर रहेर कथाभित्रका घटना र सन्दर्भको विवरण अरू पात्रका माध्यमबाट प्रस्तुत गर्ने शैली बाह्य दृष्टिविन्दु हो । यसमा तृतीय पुरुष- त्यो, ऊ, उहाँ, राम, श्याम आदिका माध्यमबाट भावना अनुभूतिहरू अभिव्यक्त गर्ने गरिन्छ ।

(च) **भाषाशैली**

कथाकारले कथा व्यक्त गर्ने माध्यमलाई भाषा भनिन्छ । भाषालाई अभिव्यक्त गर्ने शिल्प, ढङ्ग ढाँचा तवर तरिका वा कलालाई शैली भनिन्छ । भाषाको माध्यमबाट कथाको प्रस्तुति गर्ने भएकाले त्यस्तो प्रस्तुति सुन्दर मिठासपूर्ण र कलात्मक हुनु आवश्यक मानिन्छ । भाषविद्द्वारा कथाले मूर्त रूप प्राप्त गर्दछ । सिङ्गो मूर्ति भाषा हो भने त्यसमा गरिएको रङ्गरोगन वासिङ् गर्ने काम शैली हो । गद्य प्रधान भाषाले नै कथाको गरिमालाई बढाउने काम गर्दछ ।

(छ) **उद्देश्य/सारवस्तु**

विना उद्देश्य साहित्यिक कृतिहरू रचना गरिएका हुँदैनन । उद्देश्यहरू कथाका माध्यमबाट कथाकारले पाठक सामु पस्कन खोजेको हुन्छ । निश्चित परिणाामको त्यही पस्काइ नै वास्तवमा उद्देश्य हो । कथा पढेपछि पाठकको प्राप्त गर्ने सन्देश वा अनुभूति नै उद्देश्य वा सारवस्तु हो । आख्यानात्मक कृति पढिसकेपछि पाठकमा जुन भाव वा अभिप्राय आउँछ त्यसलाई उद्देश्य वा सारवस्तु भनिन्छ ।

### २.२.५ कथाको वर्गीकरण

मानव समाजका विविध घटनाहरूलाई उतारेर विभिन्न किसिमका सन्देशहरू प्रवाह गर्ने उद्देश्य राखेर कथा समयको गतिसँगै अविस्रान्त चलिरहने गतिशील विधा हो । यही गतिशीलताका कारण कथाको मान्यता र धारणामा पनि सापेक्षित रूपमा परिवर्तन भइरहेको छ । सापेक्षित जीवन्तता कथाको आत्मा भएकाले यही मान्यताका आधारमा

कथाको वर्गीकरण गर्नु उपयुक्त देखिन्छ । कथाको वर्गीकरण तथा प्रकारलाई छुट्याउने निश्चित आधारहरूमा भने विभिन्न मान्यताहरू पाइन्छन् तथापि यहाँ विषयवस्तु उद्देश्य र प्रकृतिका आधारमा वर्गीकरण गरी चर्चा गरिएको छ ।

पारसमणि र अन्य (२०७१) नेपाली गद्य र नाटक नामक पुस्तकमा कथालाई यसरी वर्गीकरण गरिएको छ ।

१. रुचिक्षेत्र

(क) सामाजिक

(ख) मनोवैज्ञानिक

(ग) प्रगतिवादी

(घ) अस्तित्ववादी

२. रीतिक्षेत्र

(क) यथार्थवादी कथा

(ख) स्वच्छन्दतावादी

(ग) घटनाप्रधान

(घ) चरित्र प्रधान कथा

(ङ) विचार प्रधान कथा

(च) प्रयोगवादी कथा

(छ) पत्रात्मक शैली प्रधान कथा

(ज) डायरी शैली प्रधान कथा

(झ) हास्यव्यङ्ग्य प्रधान कथा

३. विभिन्न धाराका आधारमा

(क) यथार्थवादी धाराका कथाहरू

(अ) आदर्शोन्मुख यथार्थवादी धारा

(आ) सामाजिक यथार्थवादी धारा

(इ) ऐतिहासिक यथार्थवादी धारा

(ई) अतियथार्थवादी धारा

(उ) आलोचनात्मक धारा

(ख) मनोविश्लेषणवादी धारा

(अ) यौन मनोविश्लेषणवादी धारा

(आ) बाल मनोविश्लेषणवादी धारा

(इ) अपराध मनोविश्लेषणवादी धारा

(ग) स्वच्छन्दतावादी धारामा कथाहरू

(घ) अस्तित्ववादी धाराका कथाहरू

(ङ) विसङ्गतिवादी धाराका कथाहरू

(च) प्रकृतिवादी धाराका कथाहरू

(छ) प्रयोगवादी धाराका कथाहरू

(ज) धार्मिक-पौराणिक धाराका कथाहरू

(झ) नैतिक-औपदेशिक धाराका धथाहरू

(ञ) नारीवादी धाराका कथाहरू

(ट) ऐतिहासिक धाराका कथाहरू

(ठ) मनोरञ्जनात्मक धाराका कथाहरू

कृष्णहरि बराल र नेत्र एटम (२०६७) द्वारा नेपाली कथा र उपन्यास नामक पुस्तकमा कथालाई यसरी वर्गीकरण गरिएको छ ।

१. विषयवस्तुका आधारमा कथाको वर्गीकरण

(क) सामाजिक कथा

(ख)　मनोवैज्ञानिक कथा

(ग)　प्रगतिवादी कथा

(घ)　अस्तित्ववादी कथा

(ङ)　विज्ञान कथा

(च)　ऐतिहासिक कथा

२.　तत्त्वगत प्रधानता वा ढाँचाका आधारमा कथाको वर्गीकरण

(क)　घटनाप्रधान कथा

(ख)　चरित्रप्रधान कथा

(ग)　विचारप्रधान कथा

(घ)　परिवेशप्रधान/आञ्चलिक कथा

(ङ)　शैली प्रधान/प्रयोगवादी कथा

हिमलाल पुरी र अन्यको (२०६९) नेपाली कथा र उपन्यास सिद्धान्त र समीक्षा नामक पुस्तकमा कथालाई निम्नानुसार वर्गीकरण गरिएको छ ।

१.　विषयवस्तुका आधारमा कथाको वर्गीकरण

(क)　सामाजिक कथा

(ख)　ऐतिहासिक कथा

(ग)　पौराणिक कथा

(घ)　मनोवैज्ञानिक कथा

(ङ)　दार्शनिक कथा

(आ)　उद्देश्यका आधारमा कथाको वर्गीकरण

(क)　घटनाप्रधान कथा

(ख)　चरित्र प्रधान कथा

(ग) विचारप्रधान कथा

(घ) समस्या प्रधान/समस्यामूलक कथा

(इ) धारा प्रवृतिवादका आधारमा

(क) आदर्शवादी कथा
(ख) यथार्थवादी धारा
(ग) प्रगतिवादी धारा
(घ) अस्तित्ववादी कथा
(ङ) प्रयोगवादी कथा

विभिन्न पुस्तक अध्ययन गर्दा उपयुक्त वर्गीकरण हिमलाल पुरी र अन्यको नेपाली कथा र उपन्यास सिद्धान्त तथा समीक्षा नामक पुस्तकको वर्गीकरण उपयुक्त लागेकाले कथाको वर्गीकरणलाई हिमलाल पुरी र अन्य (२०६९) को पुस्तकको आधारमा वर्गीकरण गरी अनुसन्धानात्मक लेख तयार गरिएको छ ।

**(अ) विषयवस्तुका आधारमा कथाको वर्गीकरण**

विषयवस्तुका आधारमा कथालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

**(क) सामाजिक कथा**

समाजमा घट्न सक्ने र घटेका विविध घटनाहरूलाई आधार बनाएर रचना गरिएका कथाहरू सामाजिक कथा हुन् । यस्ता कथामा समाजका दुःख, पीडा, हर्ष, दर्द, शोक, प्रेम, विछोड, रिसराग आदि पक्षहरूलाई समावेश गरी व्यक्ति, परिवार तथा सामाजिक समस्याहरूलाई यथार्थ रूपमा प्रस्तुत गर्ने गरिन्छ । समाजको साक्षात चित्रण गरिन्छ । यस्ता कथामा सामाजिक मूल्य, मान्यता, विकृति र विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गर्दै सुधारका निम्ति शल्यक्रिया गरिएको हुन्छ । गुरूप्रसाद मैनाली, रमेश विकल र बालकृष्ण समका कथाहरू सामाजिक विषयवस्तुमा केन्द्रित देखिन्छन् । सामाजिक विषयवस्तुमा आधारित उत्कृष्ट कथा मैनालीको 'नासो' (१९९२) हो ।

(ख) **ऐतिहासिक कथा**

इतिहासको विभिन्न काल खण्डमा घटेका महत्त्वपूर्ण घटनाहरूलाई विषयवस्तु बनाइ रचना गरिएका कथाहरू ऐतिहासिक कथा हुन् । यस्ता कथामा ऐतिहासिक महत्त्वको युग, घटना, साहसिक वीर पुरुषको चरित्र चित्रण गरिन्छ । ऐतिहासिक कथाले राष्ट्रियता र देशभक्तिपूर्ण भावनाको जागृत पाठकहरूमा गराउने उद्देश्य राखेको हुन्छ । भीमनिधि तिवारी, बदरीनाथ भट्टराई र रुद्रराज पाण्डेका कथाहरू ऐतिहासिक विषयवस्तुमा केन्द्रित देखिन्छन् । बदरीनाथ भट्टराईको 'नेपाली ऐतिहासिक कहानी' (२०१५) लाई यसको दृष्टान्त मानिन्छ ।

(ग) **पौराणिक कथा**

पुराणमा वर्णित घटनाहरूलाई विषयवस्तु बनाएर रचना गरिएका कथाहरू नै पौराणिक कथा हुन् । यस्ता कथामा प्राचीन समयमा घटेका महापुरुष, देवीदेवता, धर्मकर्म र पुराण प्रसिद्ध घटनाहरूको विषयमा आधारित भएर चरित्रको चित्रण गरिन्छ । बदरीनाथ भट्टराईको 'पौराणिक कहानी' (२०१०) यसको अग्रणी कथा हो ।

(घ) **मनोवैज्ञानिक कथा**

व्यक्ति मनका आन्तरिक यथार्थतालाई मसिनो ढङ्गले केलाउने प्रकृतिका कथालाई मनोवैज्ञानिक कथा भनिन्छ । यस्ता कथामा व्यक्ति तथा पात्रका सामान्य/असामान्य मन स्थितिको चिरफार गर्ने गरिन्छ । फ्रायड, एडलर र युङ्गका मनोवैज्ञानिक सिद्धान्तबाट प्रभावित भई अचेतन मनले चेतन मनमाथि पार्ने प्रभावको उद्घाटन गराउनु मनोवैज्ञानिक कथाहरूको उद्देश्य रहेको हुन्छ । विश्वेश्वरप्रसाद कोइरालाको 'चन्द्रवदन' (१९९२) बाट भित्रिएको मनोवैज्ञानिक कथालेखनमा कोइरालाकै 'दोषी' चस्मा (२००६) भवानी भिक्षुको 'मैया साहेब' (२०१७) आदि ।

(ङ) **दार्शनिक कथा**

दार्शनिक चिन्तनमा आधारित भएर रचना गरिएका कथाहरू नै दार्शनिक कथा हुन् । यस्ता कथाहरूले सामान्य नभई बौद्धिक पाठकको अपेक्षा गरेको हुन्छ । जीवन र जगत्लाई वस्तुपरक ढङ्गले बुझ्ने उद्देश्य यस्ता कथाहरूमा राखिएको हुन्छ ।

(आ) **उद्देश्यका आधारमा कथाको वर्गीकरण**

उद्देश्यका आधारमा कथालाईर् निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

(क) **घटनाप्रधान कथा**

कथाका अन्य पक्षहरूलाई सहायक मानी घटनावलीहरूको शृङ्खलालाई प्रमुख मानेर रचिएका कथालाई घटना प्रधान कथा मानिन्छ । घटना प्रधान कथामा पात्रलाई घटनालाई गतिशीलता दिने माध्यमको रूपमा मात्र प्रयोग गरी घटनाको द्वन्द्वात्मक क्रिया व्यापारबाट चरम परिणतिमा पुऱ्याउने उद्देश्य राखिएको हुन्छ । गुरूप्रसाद मैनालीको 'अभागी' र पुष्कर समशेरको 'लोग्ने' घटना प्रधान कथाका दृष्टान्त हुन् ।

(ख) **चरित्रप्रधान कथा**

घटनाको संरचनाभन्दा चरित्रको भूमिका प्रमुख भएका कथाहरू चरित्र प्रधान कथा हुन् । चरित्र विनाको कथा निर्जीव जस्तै हुने भएकाले यस्ता कथामा पात्रको रुचि, स्वभाव र विशेषतालाई विशेष ढङ्गले प्रस्तुत गरिएको हुन्छ । कथालाई चरित्रले गति प्रदान गर्दा कथामा प्रयुक्त घटना गौण र चरित्र प्रधान हुन्छ । मनोवैज्ञानिक कथाहरू प्रायजसो चरित्र प्रधान हुन्छन् ।

(ग) **विचारप्रधान कथा**

कुनै पनि विषय, समस्या वा कथानकका बारेमा गहन एवम् बौद्धिक ढङ्गले चिन्तन गरेर रचिएका कथा विचार प्रधान कथा हुन् । यस्ता कथामा भावुकता र आदर्शको शून्यता हुन्छ । विचारको केन्द्रीयतामा घटनाको संरचना हुने भएकाले यस किसिमका कथा जटिल हुन्छन् । विचार प्रधान कथाहरू निश्चित दर्शनमा आधारित हुन्छन् । पारिजातको सिटी हलको बूढो ज्यामी कथामा विचारको प्रधानता पाइन्छ ।

(घ) **समस्याप्रधान/समस्यामूलक कथा**

समाज र सामाजिक जीवनका विभिन्न मोडहरूमा उत्पन्न हुने घटनाहरूको समस्यामा आधारित भएर रचना गरिएका कथाहरू नै समस्या प्रधान कथा हुन् । चरित्र वा घटनाका माध्यमबाट उत्पन्न  गराएर प्रस्तुत यस किसिमका कथाको खास उद्देश्य हो । कतिपय कथाहरूमा समस्यालाई पस्कने मात्र गरिन्छ । गुरूप्रसाद मैनालीको 'विदा' कथामा सामाजिक परिवेशसँग सम्बन्धित समस्या पाइन्छ ।

(इ) **धारा, प्रवृत्ति वा वादका आधारमा कथाको वर्गीकरण**

धारा, प्रवृत्ति वा वादका आधारमा कथालाई निम्नानुसार वर्गीकरण गर्न सकिन्छ :

(क) **आदर्शवादी कथा**

जीवन र जगत्को वास्तविकताभन्दा टाढा रहेर काल्पनिक रूपमा आदर्शको अनुकरण गरिएका कथाहरू नै आदर्शवादी कथा हुन् । सधै सुख र उत्तम बन्ने जीवन दृष्टि राख्ने आदर्शवादी कथामा पात्रहरू कल्पनाको संसारमा रमाउँछन् । मानिसलाई असल मार्गतिर लैजाने उद्देश्य राखेको आदर्शवादी असल मार्गतिर लैजाने उद्देश्य राखेको आदर्शवादी कथाका पात्रहरू अन्तर्मुखी हुन्छन् । गुरूप्रसाद मैनालीको 'नासो' (१९९२) यस धाराको दृष्टान्त हो ।

(ख) **यथार्थवादी धारा**

वस्तु जगत्को यथार्थता जस्तो छ त्यस्तै रूपमा प्रकट गर्दै रचना गरिएका कथाहरू नै यथार्थवादी कथा हुन् । वास्तविकतामा जोड दिनु यस धाराका कथाको मुख्य विशेषता हो । यथार्थवादी कथाभित्र सामाजिक यथार्थवादी आलोचनात्मक यथार्थवादी, ऐतिहासिक, यथार्थवादी, अतियथार्थवादी धाराका कथाहरू समेटिएका हुन्छन् ।

(ग) **प्रगतिवादी कथा**

वर्गविहीन समाजको परिकल्पना गरिएका मार्क्सवादी सिद्धान्तमा आधारित कथाहरू प्रगतिवादी कथा हुन् । समाजको आर्थिक असमानता, शोषण, विकृति र विसङ्गतिको अन्त्य गरी समतामूलक समाजको निर्माण गर्ने उद्देश्य प्रगतिवादी प्रवृत्तिका कथामा राखिएको हुन्छ । रमेश विकल, ऋषिराज बराल र इस्मालीका कथाहरूमा प्रगतिवादी प्राप्ति पाइन्छ ।

(घ) **अस्तित्ववादी कथा**

जीवनको सार्थकताको खोजीका लागि चरम सङ्घर्ष गरिएका कथाहरू नै अस्तित्ववादी कथा हुन् । परम्परागत मूल्य, मान्यता र आदर्शले जकडिएको विकृतियुक्त समाजमा सङ्घर्ष गरेर आफ्नो अस्तित्वको खोजी गर्नुपर्ने दृष्टिकोण अस्तित्ववादी कथाले राख्दछ । प्रेमा शाह र पारिजातका कथामा अस्तित्ववादको रन्को पाइन्छ ।

### (ङ) प्रयोगवादी कथा

कथा लेखनको परम्परित मूल्य मान्यता, संरचना र शैलीभन्दा भिन्न तरिकामा रचना गरिएका कथालाई प्रयोगवादी धारा/शैलीका कथा भनिन्छ । नयाँ प्रवृत्ति नयाँ शिल्प, नयाँ रूपको खोजी गर्दै अमूर्त चिन्तन स्वैरकल्पना र विधा मिश्रण जस्ता नवीन प्रविधिको प्रयोग पाइन्छ । इन्द्रबहादुर राई, मोहनराज शर्मा र ध्रुवचन्द्र गौतमका कथाहरू यस प्रवृतिअन्तर्गत पर्दछन् ।

माथि उल्लेख गरिएका आधारहरू बाहेक कथालाई स्रोतका आधारमा सामाजिक, धार्मिक, ऐतिहासिक, शैलीका आधारमा वर्णनात्मक, पत्रात्मक, स्वगत कथानात्मक, डायरी शैली, दृष्टिविन्दुका आधारमा प्रथम र तृतीय पुरुष, अन्त्यका आधारमा सुखान्त र दुःखानत र प्रभावका आधारमा समेत वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

कथा गद्य साहित्यको गमलामा फक्रिएको सुन्दर फूल हो । सङ्क्षिप्तताभित्र पूर्णता माधुर्यता, रोमाञ्चकता र कलात्मकता हुनु यसको पहिचान हो । आदि मध्य र अन्त्यको अन्वितियुक्त सम्बन्ध भरिएको गद्य रचना नै कथा हो । कथा एउटा आख्यानात्मक गद्य विधा हो । जसमा जीवनको कुनै एक खास क्षणको खास अंशको चित्रण गरिएको हुन्छ । कथालाई देवकोटाले सानो आँखीझ्याल जसबाट सानो संसार चियाइन्छ भनेर चिनाए जस्तै गोविन्दबहादुर मल्ल गोठालेले जीवनमा आइपरेका घटनाको स्मृति हो भनी कथालाई परिभाषित गरे । त्यस्तै कथाका सम्बन्धमा पूर्वमा मात्र होइन पाश्चात्य साहित्यमा बिस मिनेटमा पढ्न सकिने कुनै पनि सङ्क्षिप्त आकारको गद्य लेखन नै कथा हो भनी एच.जी. वेल्सले कथालाई चिनाए । त्यस्तै हेनरी हड्सनले पनि कथा एक बसाइमा सजिलै पढिसकिने विधा हो भनेका छन् ।

कथालाई माथि उल्लेख गरिएका आधारहरू बाहेक स्रोतका आधारमा सामाजिक, धार्मिक, ऐतिहासिक शैलीका आधारमा वर्णनात्मक, पत्रात्मक, स्वगत, कथानात्मक डायरी शैली दृष्टिविन्दुका आधारमा प्रथम र तृतीय पुरुष अन्त्यका आधारमा सुखान्त र दुःखान्त र प्रभावका आधारमा समेत वर्गीकरण गरी अध्ययन गर्न सकिन्छ ।

# अध्याय तिन

# अध्ययन विधि र प्रक्रिया

कुनै पनि अनुसन्धान गर्ने क्रममा निश्चित विधि र प्रक्रिया निर्क्योल गर्नुपर्ने हुन्छ । तसर्थ यस प्रस्तुत शीर्षकको अनुसन्धानका लागि निम्नलिखित विधि र प्रक्रिया अपनाइएको छ :

## ३.१ अध्ययन विधि

वास्तवमा विधि एउटा योजना भएकाले यसले अध्ययनलाई पूरा गर्न मार्गदर्शन गर्दछ । अनुसन्धान कार्य कसरी सम्पन्न गरिँदैछ भनी स्पष्ट गर्ने क्रममा अनुसन्धान विधि वा शोध विधिको विवरण शोधप्रस्तावका क्रममा महत्त्वपूर्ण हुन्छ । यस अध्ययनका क्रममा खासगरी क्षेत्रीय विधिलाई आधार बनाएर प्रस्तुत अध्ययन पूरा गरिएको छ । अध्ययनका क्रममा पुस्तकालय अध्ययन विधि, सर्वेक्षण र छलफल आदिलाई प्रयोग गरिएको छ ।

## ३.२ अध्ययन प्रक्रिया

प्रस्तुत अध्ययनमा निम्नानुसारका प्रक्रिया अपनाइएको छ :

### ३.२.१ जनसङ्ख्याको पहिचान

यस अध्ययनमा शैक्षिक सत्र २०७४ मा गुल्मी जिल्लाका कक्षा १० मा अध्ययनरत सम्पूर्ण विद्यार्थीहरूलाई जनसङ्ख्याका रूपमा लिइएको छ ।

### ३.२.२ प्रतिनिधि नमुना छनोट

प्रस्तुत शोधपत्रमा गुल्मी जिल्लाका १०० जना विद्यार्थीलाई नमुनाका रूपमा लिइएको छ, जसमध्ये ५० सामुदायिक, ५० संस्थागतबाट विद्यार्थी छनोट गरिनेछ । १० वटा विद्यालयबाट १०/१० जनाका दरले विद्यार्थी छनोट गरिएको छ ।

## ३.३ सामग्री सङ्कलनका स्रोत

सामग्री सङ्कलनका क्रममा खास गरी दुई स्रोतबाट सामग्री सङ्कलन गरिएको छ :

### ३.३.१ प्राथमिक स्रोत

अध्ययनमा प्राथमिक स्रोतका रूपमा प्रश्नावलीलाई आधार बनाई अनुसन्धान गरिएको छ ।

### ३.३.२ द्वितीयक स्रोत

अध्ययनका लागि द्वितीयक स्रोतका रूपमा शोधपत्र, पुस्तक, पाठ्यपुस्तक आदिलाई अवलम्बन गरिएको छ । त्यस्तै शोधकार्यलाई परिणाममुखी बनाउन सम्बन्धित भाषाका विज्ञहरू, गुरुवर्ग तथा शोधनिर्देशकको सल्लाह र मार्गनिर्देशनलाई अपनाइएको छ ।

## ३.४ सामग्री निर्माण

प्रस्तुत अध्ययनको सामग्री निर्माण गर्ने क्रममा निर्देशित र स्वतन्त्र रूपमा कथाका आधारमा विषयलाई लिइएको छ । गुल्मी जिल्लाका ५ सामुदायिक र ५ सस्थागत विद्यालयका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरूलाई जनसङ्ख्याको रूपमा छनोट गरिएको छ । सबै विद्यालयहरूमा अध्ययन गर्न सम्भव नहुने हुँदा नमुना छनोटका रूपमा प्रत्येक विद्यालयका १०/१० जनाका दरले १०० जना विद्यार्थीहरूलाई लिइने छ । सामग्री छनोटका रूपमा विद्यार्थीहरूले कथालाई लिइएको छ । विषयविशेषज्ञ र शोधनिर्देशकको सल्लाह र सुझाव समेटेर आवश्यक सामग्रीको निर्माण गरिएको छ ।

## ३.५ तथ्याङ्कको व्याख्या विश्लेषण

कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमता छात्र र छात्राको कथालेखन क्षमता र सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमतालाई छुट्टाछुट्टै तालिकाबद्ध गरिएको छ । विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्कलाई ५ श्रेणीमा वर्गीकरण गरिएको छ । जसमा ०-२० प्राप्ताङ्क ल्याउने अति कमजोर, २०-४० प्राप्ताङ्क ल्याउने कमजोर, ४१-६० प्राप्ताङ्क ल्याउने सामान्य, ६१-८० प्राप्ताङ्क ल्याउने उत्तम र ८१ देखि माथि प्राप्ताङ्क ल्याउने अति उत्तम मानेर विश्लेषण गरिएको छ । यस आधारमा परीक्षणबाट प्राप्त नतिजालाई तालिकीकरण स्तम्भ चित्र, प्रतिशत र मध्यमानका आधारमा विश्लेषण गरिएको छ ।

# अध्याय चार

# समग्र विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन

भाषिक सिप विकासमा कथालेखनले प्रभावकारी भूमिका निर्वाह गरेको हुन्छ । अझ लेखन सिप विकासमा यसले गहन र महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । प्रस्तुत अध्ययन गुल्मी जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन गर्नु रहेको छ । उक्त क्रममा अध्ययनका उद्देश्य प्राप्तिका लागि गुल्मी जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत गरी जम्मा दस विद्यालयका दस/दस जनाका दरले १०० जना विद्यार्थीलाई प्रतिनिधि नमुनाका रूपमा छनोट गरिएको छ । कथालेखनका लागि निर्देशित कथालेखनमा बुँदाहरू दिइएको छ भने स्वतन्त्र कथा लेखनका लागि दुई शीर्षक छनोट गरिएको छ । छनोटमा परेका विद्यालयका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूलाई कथा लेख्न लगाइयो । उक्त पुस्तिकालाई शीर्षक, संरचना विषय र प्रस्तुतिकरण, वर्णविन्यास र भाषाशैलीका आधारमा परीक्षण गरिएको छ । परीक्षणपश्चात् प्राप्त तथ्याङ्कलाई प्रतिशत मध्यमान स्तम्भचित्र तालिकीकरण गरेर व्याख्या तथा विश्लेषण गरी अध्ययनलाई अगाडि बनाइएको छ ।

प्रस्तुत अध्यायमा अध्ययनबाट प्राप्त तथ्याङ्कलाई प्राप्ताङ्कको आधारमा र मध्यमानका आधारमा साथै प्रतिशत छुट्टाछुट्टै स्तम्भचित्र शीर्षकमा व्याख्या विश्लेषण गरिएको छ । साथै व्याख्या तथा विश्लेषाण पश्चात् तथ्याङ्कलाई तालिकीकरण समेत गरेर देखाइएको छ ।

## ४.१ प्राप्ताङ्कको आधारमा समग्र विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति

गुल्मी जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूमध्ये छनोटमा परेका १०० जना विद्यार्थीहरूका उत्तरहरूका आधारमा कक्षा दशमा अध्ययनरत समग्र विद्यार्थीहरूको कथालेखन क्षमताको स्थितिको विश्लेषणलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १

**प्राप्ताङ्कको आधारमा समग्र विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति**

| जम्मा विद्यार्थी सङ्ख्या | १० भन्दा कम ल्याउने | | १०-२० | | २०-३० | | ३०-४० | | ४०-५० | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | ० | ० | ४४ | ४४ | ३१ | ३१ | २५ | २५ | ० | ० |

माथि दिइएको तालिकाअनुसार समग्र विद्यार्थीहरूको कथालेखन क्षमताको अङ्क विश्लेषण गर्दा प्रतिनिधि जनसङ्ख्याको रूपमा छनोट गरिएका जम्मा १०० जना विद्यार्थीहरूको प्राप्ताङ्कलाई पाँच श्रेणीमा वर्गीकरण गरिएको छ जसअनुसार १० भन्दा कम अङ्क ल्याउने विद्यार्थी छैनन् भने १० देखि २० सम्म अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४४ जना अर्थात् ४४ प्रतिशत रहेका छन् । यसरी नै २० देखि ३० अङ्क ल्याउने ३१ जना ३१ प्रतिशत रहेका छन् । यसरी ३० देखि ४० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २५ जना अर्थात् २५ प्रतिशत रहेको छ भने ४० देखि ५० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या शून्य रहेको छ ।

यस आधारमा गुल्मी जिल्लाका कक्षा दशमा पढ्ने विद्यार्थीहरूको कथालेखन क्षमता सामान्य रहेको छ पुष्टि हुन्छ । यस सम्बन्धमा विद्यालयले सुधार गर्नुपर्ने र आवश्यकताअनुसार विद्यार्थीहरूलाई निदानात्मक शिक्षण गराउनुपर्ने देखिन्छ ।

## ४.२ प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको कथालेखन क्षमता

तालिका नं. २

प्रतिशतका आधारमा समग्र विद्यार्थीहरूको कथालेखन क्षमता

| जम्मा सङ्ख्या | २५ भन्दा कम अङ्क ल्याउने | | २५ भन्दा बढी अङ्क ल्याउने | |
|---|---|---|---|---|
| | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| १०० | ६२ | ६२ | ३८ | ३८ |

माथिको तालिकाअनुसार गुल्मी जिल्लाका समग्र १०० जना विद्यार्थीहरूलाई ५० पूर्णाङ्कको कथालेखन क्षमतामा २५ भन्दा कम अङ्क ल्याउने ६२ जना ६२ प्रतिशत रहेको देखिन्छ भने २५ भन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरू ३८ जना ३८ प्रतिशत रहेको देखिन्छ ।

यसरी हेर्दा गुल्मी जिल्लाका विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमता खासै राम्रो देखिँदैन । २५ भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बढी रहेकाले गुल्मी जिल्लाका विद्यालयहरूले विद्यार्थीहरूमा कथालेखन क्षमता अभिवृद्धि गर्न निदानात्मक शिक्षण गर्नुपर्ने देखिन्छ ।

## ४.३ मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति

तालिका नं. ३

मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति


| जम्मा विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि अङ्क ल्याउने | | मध्यमानभन्दा तल अङ्क ल्याउने | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १०० | २३.१८ | ४७ | ४७ | ५३ | ५३ |

उपर्युक्त तालिकामा गुल्मी जिल्लाका कक्षा दशमा अध्ययनरत पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका विद्यार्थीहरूले कथालेखनमा प्राप्त गरेको प्राप्ताङ्कका आधारमा मध्यमान २३.१८ रहेको छ । उक्त मध्यमानलाई आधार मानी हेर्दा १०० जना कुल विद्यार्थीहरूमा मध्यमानभन्दा माथि कथालेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ४७ र मध्यमानभन्दा तल कथालेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्या ५३ रहेको छ ।

यसरी हेर्दा मध्यमानभन्दा माथि कम विद्यार्थी र मध्यमानभन्दा तल बढी विद्यार्थीहरू भएको हुनाले विद्यार्थीहरूको कथालेखन क्षमता सन्तोषजनक देखिँदैन । यसकारण मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूलाई निदानात्मक शिक्षण गरी उनीहरूको स्तर बढाउन आवश्यक देखिन्छ ।

माथिको तालिकाअनुसार समग्र कथालेखन क्षमताको आधारमा मध्यमानभन्दा तल र मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थीबीच कथालेखन क्षमताको तुलनालाई स्तम्भचित्रमा देखाइएको छ ।


**स्तम्भ चित्र नं. १**




उक्त स्तमभ चित्रमा मध्यमानभन्दा माथि अङ्क ल्याउने ४७% र मध्यमानभन्दा तल अङ्क ल्याउने ५३% रहेको देखिन्छ । यस आधारमा हेर्दा गुल्मी जिल्लाका कक्षा द शमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमता सन्तोषजनक नदेखिएकाले मध्यमानभन्दा तल रहेका विद्यार्थीहरूलाई आवश्यकताअनुसार निदानात्मक शिक्षण गराउनुपर्ने देखिन्छ ।

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कको मध्यमानका आधारमा समग्र विद्यार्थीहरूको कथालेखन क्षमताको स्थितिलाई तलको वृत्तत्रिबाट पनि देखाउन सकिन्छ :

**वृत्त चित्र नं. १**




उपयुक्त वृत्तचित्रमा गुल्मी जिल्लाका कक्षा दसमा अध्ययनरत पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका विद्यार्थीहरूले कथालेखनमा प्राप्त गरेको प्राप्ताङ्कका आधारमा मध्यमान २३.१८ थियो जुन माथि तालिकामा देखाइसकेको छ । जस आधारमा वृत्तचित्रमा मध्यमानभन्दा माथि अङ्क ल्याउने ४७% र मध्यमानभन्दा तल ल्याउने ५३% रहेको देखिन्छ । यस आधारमा हेर्दा गुल्मी जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमता सन्तोषजनक देखिँदैन । मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थीहरूलाई आवश्यकता अनुसार निदानात्मक शिक्षण गराउनुपर्ने देखिन्छ ।

# अध्याय पाँच

# लैङ्गिक आधारमा कथालेखन क्षमताको अध्ययन

गुल्मी जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूमध्ये छनोटमा परेका १०० जना विद्यार्थीहरूका उत्तरहरूका आधारमा कक्षा दशमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूको कथालेखन क्षमताको स्थितिको विश्लेषण यहाँ गरिएको छ

## ५.१ छात्र विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति

गुल्मी जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन गर्न लैङ्गिक आधारमा विद्यार्थीहरूलाई छात्र र छात्रामा विभाजन गरिएको छ । प्रस्तुत अध्ययनमा लैङ्गिक दृष्टिकोणले कक्षा दशमा अध्ययनरत छात्र र छात्रा विद्यार्थीहरूको कथालेखन क्षमताको व्याख्या तथा विश्लेषण तलको तालिकामा छुट्टाछुट्टै रूपमा प्रस्तुत गरिएको छ ।

तालिका नं. ४

**प्राप्ताङ्कको आधारमा छात्र विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति**

| जम्मा विद्यार्थी सङ्ख्या | १० भन्दा कम ल्याउने | | १०-२० | | २०-३० | | ३०-४० | | ४०-५० | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | २२ | ४४ | २४ | ४८ | ४ | ८ | ० | ० |

माथिको तालिकामा कक्षा दशमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयका छात्र विद्यार्थीहरूको प्राप्त अङ्कलाई विश्लेषण गरी देखाइएको छ । यस तालिकाअनुसार ५० जना छात्रमध्ये सबैभन्दा कम अङ्क ल्याउने अर्थात् १० भन्दा कम अङ्क ल्याउने एक जना पनि नरहेको पाइयो भने १० देखि २० सम्मको अङ्क ल्याउने छात्र विद्यार्थी २२ जना ४४ प्रतिशत पाइयो । त्यसैगरी २०-३० अङ्क ल्याउने २४ जना ४८ प्रतिशत रहेको

पाइयो । ३०-४० ल्याउने छात्र विद्यार्थी सङ्ख्या ४ जना ८ प्रतिशत प्रतिशत पाइयो भने ४०-५० अङ्क ल्याउने एक जना पनि नरहेको पाइयो ।

यस आधारमा हेर्दा गुल्मी जिल्लाका छात्र विद्यार्थीहरूको कथालेखन क्षमता ठिकै मात्र रहेको पाइयो ।

### ५.१.१ प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको कथालेखन क्षमता

तालिका नं. ५

प्रतिशतका आधारमा छात्र विद्यार्थीहरूको कथालेखन क्षमता

| जम्मा सङ्ख्या | २५ भन्दा कम अङ्क ल्याउने | | २५ भन्दा बढी अङ्क ल्याउने | |
|---|---|---|---|---|
| | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| ५० | ३२ | ६४ | १८ | ३६ |

माथिको तालिकाअनुसार गुल्मी जिल्लाका ५० छात्र विद्यार्थीहरूले ५० पूर्णाङ्कको कथालेखन क्षमतामा २५ भन्दा कम अङ्क ल्याउने ३२ जना ६४ प्रतिशत रहेको देखिन्छ भने २५ भन्दा बढी अङ्क ल्याउने १८ जना ३६ प्रतिशत रहेको पाइयो ।

यसरी हेर्दा गुल्मी जिल्लाका छात्र विद्यार्थीहरूमध्ये २५ भन्दा कम अङ्क ल्याउनेलाई निदानात्मक शिक्षण पद्धति अपनाई शिक्षण गर्नुपर्ने देखिन्छ ।

### ५.१.२ मध्यमानका आधारमा छात्र विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कहरूबाट प्राप्त मध्यमानका आधारमा छात्र विद्यार्थीको कथालेखन क्षमताको स्थितिलाई तलको तालिकाबाट देखाउन सकिन्छ :

तालिका नं. ६

मध्यमानका आधारमा छात्र विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति


| जम्मा विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि अङ्क ल्याउने | | मध्यमानभन्दा तल अङ्क ल्याउने | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २२.७ | २६ | ५२ | २४ | ४८ |

उपर्युक्त तालिकामा गुल्मी जिल्लाका कक्षा दशमा अध्ययनरत सामुदायिक पाँच र संस्थागत पाँच विद्यालयका छात्र विद्यार्थीहरूले कथालेखनमा प्राप्त गरेको प्राप्ताङ्कका आधारमा मध्यमान २२.७ रहेको पाइयो । उक्त तालिकामा मध्यमानलाई आधार मानी हेर्दा ५० जना कुल छात्रहरूमा मध्यमानभन्दा माथि कथालेखन क्षमता भएका २६ जना ५२ प्रतिशत र मध्यमानभन्दा तल कथालेखन क्षमता भएका २४ जना ४८ प्रतिशत रहेको पाइयो ।

यसरी हेर्दा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २६ र प्रतिशत ५२ रहेकाले गुल्मी जिल्लाका छात्र विद्यार्थीहरूको कथालेखन क्षमता सन्तोषजनक मान्न सकिन्छ ।


माथिको तालिकाअनुसार छात्र विद्यार्थीहरूको कथालेखन क्षमताको आधारमा मध्यमानभन्दा तल र मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरूको तुलनालाई स्तम्भ चित्रमा पनि देखाउन सकिन्छ ।

### स्तम्भ चित्र नं. २




उक्त स्तम्भ चित्रमा मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी ५२ देखिन्छ र मध्यमानभन्दा तल अङ्क ल्याउने ४८ प्रतिशत रहेको देखिन्छ । यस आधारमा हेर्दा गुल्मी जिल्लाका कक्षा दशमा अध्ययनरत छात्र विद्यार्थीहरूको कथालेखन क्षमता सन्तोषजनक देखिन्छ ।

### वृत्तचित्र नं. २



उक्त वृत्तचित्रमा मध्यमानभन्दा माथि अङ्क ल्याउने ५२% र मध्यमानभन्दा तल अङ्क ल्याउने ४८% रहेको देखिन्छ । यस आधारमा हेर्दा गुल्मी जिल्लाका कक्षा दसमा अध्ययनरत छात्रहरूको कथालेखन क्षमता राम्रो रहेको देखिन्छ ।

## ५.२ छात्रा विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा गुल्मी जिल्लामा रहेका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयमा कक्षा दशमा अध्ययनरत जम्मा १०० जना विद्यार्थीहरूमध्येबाट ५० जना छात्रा विद्यार्थीहरूलाई नमुनाका रूपमा छनोट गरिएको छ । छनोटमा परेका कक्षा दशमा अध्ययनरत छात्रा विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति निम्नानुसार रहेका छ ।

### ५.२.१ प्राप्ताङ्कका आधारमा छात्रा विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति

तालिका नं. ७

प्राप्ताङ्कका आधारमा छात्रा विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति

| जम्मा विद्यार्थी सङ्ख्या | १० भन्दा कम ल्याउने | | १०-२० | | २०-३० | | ३०-४० | | ४०-५० | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | २३ | ४६ | १९ | ३८ | ८ | १६ | ० | ० |

माथि देखाइएको तालिकाअनुसार ५० जना छात्रा विद्यार्थीहरूलाई ५० पूर्णाङ्कको कथालेखन क्षमतामा सबैभन्दा कम अर्थात् १० भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या नरहेको पाइयो । त्यसैगरी १०-२० अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २३ जना र ४६ प्रतिशत रहेको पाइयो । त्यस्तै २०-३० ल्याउने १९ जना ३८ प्रतिशत रहेको पाइयो । त्यस्तै ३०-४० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ८ र १६ प्रतिशत पाइयो भने ४०-५० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या एउटा पनि नरहेको पाइयो ।

यसरी हेर्दा १०-२० अङ्क ल्याउने छात्रा विद्यार्थी २३ रहेकाले प्राप्ताङ्कका आधारमा गुल्मी जिल्लाका छात्रा विद्यार्थीको कथालेखन क्षमता कमजोर रहेको पाइयो ।

छात्रा विद्यार्थीको कथालेखन क्षमता अभिवृद्धि गर्नका लागि निदानात्मक शिक्षणपद्धति अपनाउनुपर्ने देखिन्छ ।

### ५.२.२ प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको कथालेखन क्षमता

तालिका नं. ८

प्रतिशतका आधारमा छात्रा विद्यार्थीहरूको कथालेखन क्षमता

| जम्मा सङ्ख्या | २५ भन्दा कम अङ्क ल्याउने | | २५ भन्दा बढी अङ्क ल्याउने | |
|---|---|---|---|---|
| | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| ५० | २० | ४० | ३० | ६० |

माथिको तालिकाअनुसार सामुदायिक विद्यालयका २५ जना र संस्थागत विद्यालयकाव २५ छात्रा विद्यार्थीहरूलाई ५० पूर्णाङ्कको कथालेखन क्षमतामा २५ भन्दा माथि अङ्क ल्याउने २० जना ४० प्रतिशत र २५ भन्दा तल ल्याउने ३० जना ६० प्रतिशत रहेको देखिन्छ ।

यसरी हेर्दा छात्रा विद्यार्थीहरूको कथालेखन क्षमता प्रतिशतका हिसाबले कमजोर रहेको देखिन्छ । यस्तो समस्या समाधान गर्न गुल्मी जिल्लाका छात्रा विद्यार्थीहरूलाई निदानात्मक शिक्षण गर्नुपर्ने देखिन्छ ।

### ५.२.३ मध्यमानका आधारमा छात्रा विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कहरूबाट प्राप्त मध्यमानका आधारमा छात्रा विद्यार्थीको कथालेखन क्षमताको स्थितिलाई तलको तालिकाबाट देखाउन सकिन्छ :

तालिका नं. ९


मध्यमानका आधारमा छात्रा विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति

| जम्मा विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि अङ्क ल्याउने | | मध्यमानभन्दा तल अङ्क ल्याउने | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २३.२४ | २३ | ४६ | २७ | ५४ |

उपर्युक्त तालिकामा गुल्मी जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका कक्षा दशका अध्ययनरत ५० जना छात्रा विद्यार्थीको कथालेखनबाट प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान २३.२४ देखिएको छ । उक्त तालिकामा मध्यमानलाई आधार मानी हेर्दा कूल ५० विद्यार्थीमध्ये मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २३ जना र ४६ प्रतिशत रहेको छ भने मध्यमानभन्दा तल ल्याउने छात्रा विद्यार्थी सङ्ख्या २७ जना र ५४ प्रतिशत रहेको पाइयो । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्या कम रहेकाले गुल्मी जिल्लाका छात्रा विद्यार्थीको कथालेखन क्षमता कमजोर मान्न सकिन्छ ।


माथिको तालिकाअनुसार छात्रा विद्यार्थीहरूको कथालेखन क्षमताको आधारमा मध्यमानभन्दा तल र मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थीबीच कथालेखन क्षमताको तुलनालाई स्तम्भ चित्रमा देखाइएको छ ।

**स्तम्भ चित्र नं. ३**




उक्त स्तम्भ चित्रमा मध्यमानभन्दा माथि अङ्क ल्याउने २३ जना ४६ प्रतिशत र मध्यमानभन्दा तल अङ्क ल्याउने २७ जना ५४ रहेको पाइन्छ । यस आधारमा हेर्दा गुल्मी जिल्लाका प्रतिनिधि छनोटमा परेका छात्रा विद्यार्थीको कथथालेखन क्षमता कमजोर मान्न सकिन्छ ।

वृत्तचित्र नं. ३




उक्त वृत्तचित्रमा मध्यमानभन्दा माथि अङ्क ल्याउने ४६% र मध्यमानभन्दा तल अङ्क ल्याउने ५४ प्रतिशत रहेको देखिन्छ । यस वृत्तचित्रलाई आधार मानेर हेर्दा गुल्मी जिल्लाका कक्षा दसमा अध्ययनरत छात्रा विद्यार्थीहरूको कथालेखन क्षमता सन्तोषजनक मान्न सकिँदैन । कुल छात्रा विद्यार्थीको ५४ प्रतिशत विद्यार्थीहरूको मध्यमानभन्दा तल अङ्क प्राप्त गरेकाले उक्त विद्यार्थीहरूलाई निदानात्मक शिक्षण गर्नुपर्ने देखिन्छ ।

## ५.३ छात्र र छात्रा विद्यार्थीहरूको कथालेखन क्षमताको तुलनात्मक स्थिति

सङ्कलित तथ्याङ्कबाट कथालेखन क्षमता मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरू र मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थीहरूको तुलनात्मक स्थितिलाई तलको तालिकामा देखाइएको छ :

तालिका नं. १०

छात्र र छात्रा विद्यार्थीहरूको कथालेखन क्षमताको तुलनात्मक स्थिति

| समूह | सङ्ख्या | समग्र मध्यमान | मध्यमान | मध्यमानभन्दा माथि अङ्क ल्याउने | | मध्यमानभन्दा तल अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| छात्र | ५० | २३.१८ | २२.७ | २६ | ५२ | २४ | ४८ |
| छात्रा | ५० | | २३.२४ | २३ | ४६ | २७ | ५४ |


माथि दिइएको तालिकाअनुसार लैङ्गिक आधारमा छात्र र छात्रा विद्यार्थीहरूको कथालेखन क्षमताको तुलनात्मक स्थिति देखाइएको छ जसमा गुल्मी जिल्लाका कक्षा दसमा अध्ययनरत पाँचओटा सामुदायिक र पाँचओटा संस्थागत गरी जम्मा दसओटा विद्यालयका जम्मा १०० विद्यार्थीहरूमा ५० जना छात्र र ५० जना छात्राहरूलाई नमुनाका रूपमा लिइएको छ जसअनुसार सम्पूर्ण विद्यार्थीहरूको प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान २३.१८ रहेको छ भने छात्र र छात्रा विद्यार्थीहरूको मध्यमान छुट्टाछुट्टै रहेको छ ।

यसअन्तर्गत छात्र विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान २२.७ रहेको छ । त्यस्तै छात्र विद्यार्थीहरूले प्राप्त गरेको मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी सङ्ख्या २६ जना र ५२ प्रतिशत रहेको छ भने मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २४ जना र प्रतिशत ४८ रहेको छ । त्यसैगरी छात्रा विद्यार्थीहरूले प्राप्त गरेको मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २३ जना प्रतिशत ४६ रहेको छ भने मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २७ जना प्रतिशत ५४ रहेको छ ।

त्यसैले माथिको तथ्याङ्कलाई केलाउँदा विद्यार्थीहरूको कथालेखन क्षमता सामान्य रहेको छ भन्न सकिन्छ । छात्रको भन्दा छात्राको मध्यमान राम्रो रहेको छ तापनि तुलनात्मक रूपमा हेर्दा भने मध्यमानभन्दा बढी अङ्क ल्याउने सङ्ख्या छात्र रहेको छ भने मध्यमानभन्दा तल अङ्क ल्याउने बढी सङ्ख्या भने छात्राको देखिन्छ । केही रूपमा कथालेखन क्षमतामा छछात्रहरूको राम्रो देखिएको छ ।

छात्र र छात्रा विद्यार्थीहरुको मध्यमानका आधारमा गरिएको कथालेखन क्षमताको तुलनात्मक स्थितिलाई तलको स्तम्भ चित्रमा पनि देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. ४**




माथिको स्तम्भ चित्रमा छात्र विद्यार्थीहरुले ५२ प्रतिशत र छात्रा विद्यार्थीले ४६ प्रतिशत मध्यमानभन्दा माथिको अङ्क प्राप्त गरेका छन भने ४८ प्रतिशत छात्र र ५४ प्रतिशत छात्राले मध्यमानभन्दा तलको अङ्क प्राप्त गरेका छन् । यस स्तम्भ चित्रका आधारमा पनि के भन्न सकिन्छ भने छात्र र छात्रा विद्यार्थीहरुको कथालेखन क्षमताको तुलना स्थितिको अध्ययनमा छात्राको तुलनामा छात्रको कथालेखन क्षमता राम्रो रहेको देखिन्छ । यस आधारलाई हेर्दा पनि के भन्न सकिन्छ भने छात्रा विद्यार्थीलाई आवश्यकताको पहिचान गरी निदानात्मक शिक्षण पद्धति अवलम्बन गरी शिक्षण गर्नुपर्ने देखिन्छ ।

# अध्याय छ

# विद्यालय प्रकृतिका आधारमा कथालेखन क्षमताको अध्ययन

गुल्मी जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूमध्ये छनोटमा परेका १०० जना विद्यार्थीहरूमा उत्तरका आधारमा कक्षा दशमा अध्ययनरत सामुदायिक र संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको स्थितिको विश्लेषण यहाँ गरिएको छ :

## ६.१ सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति

प्रस्तुत अध्ययनमा विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयलाई आधार बनाइएको छ । यसअन्तर्गत गुल्मी जिल्लामा रहेका पाँच सामुदायिक विद्यालय छनोटमा परेका छन् । सामुदायिक विद्यालयका ५० जना विद्यार्थीको प्राप्ताङ्कको आधारमा कथालेखन क्षमताको व्याख्या विश्लेषण गरिएको छ ।

तालिका नं. ११

**प्राप्ताङ्कको आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति**

| जम्मा विद्यार्थी सङ्ख्या | १० भन्दा कम ल्याउने | | १०-२० | | २०-३० | | ३०-४० | | ४०-५० | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | ११ | २२ | २४ | ४८ | १५ | ३० | ० | ० |

माथि दिइएको तालिकाअनुसार सामुदायिक विद्यालयका ५० विद्यार्थीहरूको कथालेखन क्षमताबाट प्राप्त अङ्कलाई हेर्दा सबैभन्दा कम अर्थात् १० भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या एक पनि नरहेको पाइयो भने १०-२० अङ्क ल्याउने ११ जना २२ प्रतिशत पाइयो । त्यस्तैगररी २०-३० अङ्क ल्याउने २४ जना ४८ प्रतिशत पाइयो भने ३०-४० अङ्क ल्याउने १५ जना र ३० प्रतिशत पाइयो भने ४०-५० अङ्क ल्याउने कोही पनि नरहेको पाइयो ।

यसरी हेर्दा २४ जना विद्यार्थीले २०-३० अङ्क ल्याएको हुँदा सामुदायिक विद्यालयका विद्यार्थीको कथालेखन क्षमता राम्रो रहेको देखिन्छ ।

### ६.१.१ प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमता

तालिका नं. १२

प्रतिशतका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमता

| जम्मा सङ्ख्या | २५ भन्दा कम अङ्क ल्याउने | | २५ भन्दा बढी अङ्क ल्याउने | |
|---|---|---|---|---|
| | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| ५० | १९ | ३८ | ३१ | ६२ |

माथिको तालिकाअनुसार सामुदायिक विद्यालयका ५० जना विद्यार्थीहरूलाई ५० पूर्णाङ्कको कथालेखन क्षमतामा २५ भन्दा कम अङ्क ल्याउने १९ जना ३८ प्रतिशत रहेको देखिन्छ भने २५ भन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरू ३१ जना ६२ प्रतिशत रहेको छ ।

यसरी हेर्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमता ठिकै रहेको देखिन्छ । २५ भन्दा कम ल्याउने विद्यार्थी सङ्ख्या १९ र २५ भन्दा माथि अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३१ जना ६२ प्रतिशत रहेकाले विद्यार्थीहरूको कथालेखन क्षमता राम्रो मान्न सकिन्छ ।

### ६.१.२ मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कको मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ :

तालिका नं. १३

**मध्यमानका आधारमा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति**


| जम्मा विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि अङ्क ल्याउने | | मध्यमानभन्दा तल अङ्क ल्याउने | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २७.२ | २९ | ५८ | २१ | ४२ |

उपर्युक्त तालिकामा गुल्मी जिल्लाका पाँच सामुदायिक विद्यालयमा कक्षा दशका विद्यार्थीहरूले कथालेखनमा प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान २७.२ देखिएको छ। उक्त तालिकामा मध्यमानलाई आधार मानी हेर्दा ५० जना कूल विद्यार्थीमा मध्यमानभन्दा माथि कथालेखन क्षमता भएका विद्यार्थीहरूको सङ्ख्यामा २९ जना ५८ प्रतिशत रहेको देखिन्छ भने मध्यमानभन्दा तल भएका विद्यार्थी सङ्ख्या २१ जना ४२ प्रतिशत रहेको देखिन्छ। मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि धेरै विद्यार्थी र मध्यमानभन्दा तल थोरै विद्यार्थी भएको हुनाले गुल्मी जिल्लाका सामुदायिक विद्यालयमा विद्यार्थीहरूको कथालेखन क्षमता राम्रो राम्रो रहेको मान्न सकिन्छ।

यसरी मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थी २९ रहेको र मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी २१ रहेकाले विद्यार्थीहरूको कथालेखन क्षमता राम्रो रहेको मान्न सकिन्छ।

माथिको तालिकाअनुसार सामुदायिक विद्यालयमा कथालेखन क्षमताको आधारमा मध्यमानभन्दा तल र मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थीबीच कथा लेखन क्षमताको तुलनालाई स्तम्भ चित्रमा देखाइएको छ।


स्तम्भ चित्र नं. ५




उक्त स्तम्भ चित्रमा मध्यमानभन्दा माथि अङ्क ल्याउने ५५% र मध्यमानभन्दा तल अङ्क ल्याउने ४२% रहेको देखिन्छ । यस आधारमा हेर्दा गुल्मी जिल्लाका सामुदायिक विद्यालयका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमता राम्रो रहेको देखिन्छ ।

माथिको तालिकाअनुसार सामुदायिक विद्यालयमा कथालेखन क्षमतामा प्राप्त गरेको प्राप्ताङ्कका आधारमा मध्यमानभन्दा तल र मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थीबीच कथालेखन क्षमताको तुलनालाई वृत्तचित्रमा देखाइएको छ :

वृत्तचित्र नं. ४




उपयुक्त वृत्तचित्रमा मध्यमानभन्दा माथि अङ्क ल्याउने ५८ प्रतिशत र मध्यमानभन्दा तल अङ्क ल्याउने ४२ प्रतिशत रहेको देखिन्छ । यस वृत्तचित्रलाई आधार मानेर हेर्दा गुल्मी जिल्लाका सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमता राम्रो देखिन्छ । ५८% विद्यार्थीले मध्यमानभन्दा माथि अङ्क ल्याएकोले सामुदायिक विद्यालयका विद्यार्थीको कथालेखन क्षमता राम्रो मान्न सकिन्छ ।

## ६.२ संस्थागत विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन

प्रस्तुत अध्ययनमा गुल्मी जिल्लामा रहेका पाँच संस्थागत विद्यालयलाई नमुनाका रूपमा छनोट गरिएको छ । छनोटमा परेका पाँच संस्थागत विद्यालयका दश/दश जना विद्यार्थीका दरले जम्मा ५० जना कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति निम्नानुसार रहेको छ :

### ६.२.१ प्राप्ताङ्कका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति

तालिका नं. १४

प्राप्ताङ्कका आधारमा संस्थागत विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति

| जम्मा विद्यार्थी सङ्ख्या | १० भन्दा कम ल्याउने | | १०-२० | | २०-३० | | ३०-४० | | ४०-५० | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | ० | ० | ३१ | ६२ | १५ | ३० | ४ | ८ | ० | ० |

माथिको तालिकाअनुसार संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूलाई ५० पूर्णाङ्कको कथालेखन क्षमतामा सबैभन्दा कम अर्थात् १० भन्दा कम अङ्क ल्याउने एक जना पनि नरहेको पाइयो । त्यसैगरी १०-२० अङ्क प्राप्त गर्ने विद्यार्थी सङ्ख्या २१ जना ६२ प्रतिशत रहेको पाइयो । त्यसैगरी २०-३० अङ्क ल्याउने १५ जना २० प्रतिशत रहेको पाइयो । त्यसैगरी ३०-४० अङ्क ल्याउने ४ जना ८ प्रतिशत रहेको पाइयो भने ४०-५० अङ्क ल्याउने एक जना पनि नभएको पाइयो ।

प्राप्ताङ्कको आधारमा हेर्दा १०-२० अङ्क ल्याउने विद्यार्थी सङ्ख्या अत्यधिक धेरै रहेको पाइयो । यस आधारमा संस्थागत विद्यालयका विद्यार्थीको कथालेखन क्षमता कमजोर रहेको पाइयो । कमजोर विद्यार्थीलाई आवश्यकताअनुसार मार्गनिर्देशन गरेर निदानात्मक शिक्षण पद्धति अपनाउनुपर्ने देखिन्छ ।

### ६.२.२ प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमता

तालिका नं. १५

प्रतिशतका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमता

| जम्मा सङ्ख्या | २५ भन्दा कम अङ्क ल्याउने | | २५ भन्दा बढी अङ्क ल्याउने | |
|---|---|---|---|---|
| | विद्यार्थी सङ्ख्या | प्रतिशत | विद्यार्थी सङ्ख्या | प्रतिशत |
| ५० | ४१ | ८२ | ९ | १८ |

माथिको तालिकाअनुसार संस्थागत विद्यालयका ५० जना विद्यार्थीहरूलाई ५० पूर्णाङ्कको कथालेखन क्षमता मापनका लागि लिइएको कथालेखनमा २५ भन्दा कम अङ्क ल्याउने १९ जना र ८२ प्रतिशत रहेको पाइयो भने २५ भन्दा बढी अङ्क ल्याउने ९ जना १८ प्रतिशत रहेको पाइयो ।

यस आधारमा हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमता कमजोर रहेको पाइयो । २५ भन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ४१ रहेको हुनाले ८२ प्रतिशत विद्यार्थीले २५ भन्दा कम अङ्क ल्याएको हुनाले संस्थागत विद्यालयका विद्यार्थीको कथालेखन क्षमता कमजोर देखिएको छ । संस्थागत विद्यालयमा अङ्ग्रेजी माध्यमबाट सबै विवषयको पठनपाठन हुने र नेपाली मात्र नेपालीमा हुने भएकाले पनि संस्थागत विद्यालयका विद्यार्थीको कथालेखन क्षमता कमजोर हुन गएको हो । जसको सुधारका लागि सम्बन्धित निकायले ध्यान दिनु जरुरी छ ।

### ६.२.३ मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति

सङ्कलित तथ्याङ्कबाट प्राप्त प्राप्ताङ्कको मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमताको स्थितिलाई तलको तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका नं. १६

**मध्यमानका आधारमा संस्थागत विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति**


| जम्मा विद्यार्थी सङ्ख्या | मध्यमान | मध्यमानभन्दा माथि अङ्क ल्याउने | | मध्यमानभन्दा तल अङ्क ल्याउने | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| ५० | २०.१७ | १९ | ३८ | ३१ | ६२ |

उपर्युक्त तालिकामा गुल्मी जिल्लामा पाँच संस्थागत विद्यालयका कक्षा दशका विद्यार्थीहरूरले कथालेखनमा प्राप्त गरेका प्राप्ताङ्कको मध्यमान २०.१७ देखिएको छ । उक्त तालिकामा मध्यमानलाई आधार मानी हेर्दा ५० जना कुल विद्यार्थीमा मध्यमानभन्दा माथि कथा लेखन क्षमता भएका विद्यार्थी सङ्ख्या १९ जना ३८ प्रतिशत र मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थी सङ्ख्या ३१ जना ६२ प्रतिशत रहेको पाइयो । मध्यमानलाई आधार मानी हेर्दा मध्यमानभन्दा माथि थोरै विद्यार्थी र मध्यमानभन्दा तल धेरै विद्यार्थी भएको हुनाले गुल्मी जिल्लाका संस्थागत विद्यालयमा विद्यार्थीहरूको कथालेखन क्षमता कमजोर मान्न सकिन्छ ।

यसरी मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थी सङ्ख्या बढी भएकाले संस्थागत विद्यालयका विद्यार्थीहरूलाई पूर्ण निदानात्मक शिक्षण गराउनुपर्ने देखिन्छ ।

माथिको तालिकाका आधारमा सामुदायिक विद्यालयमा कथालेखन क्षमताको आधारमा मध्यमानभन्दा तल र मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थी बीच कथालेखन क्षमताको तुलनालाई स्तम्भ चित्रमा देखाइएको छ ।


स्तम्भ चित्र नं. ६




उक्त स्तम्भ चित्रमा मध्यमानभन्दा माथि अङ्क ल्याउने ३५ प्रतिशत र मध्यमानभन्दा तल अङ्क ल्याउने ६२ प्रतिशत रहेको देखिन्छ । यस आधारमा हेर्दा गुल्मी जिल्लाका संस्थागत विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमता कमजोर रहेको देखिन्छ ।

माथिको तालिकाअनुसार संस्थागत विद्यालयमा कथालेखन क्षमतामा प्राप्त प्राप्ताङ्कका आधारमा मध्यमानभन्दा तल र मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थीबीच कथालेखन क्षमताको तुलनालाई वृत्तचित्रमा देखाइएको छ :

वृत्तचित्र नं. ५




उक्त वृत्तचित्रमा मध्यमानभन्दा माथि अङ्क ल्याउने ३८ प्रतिशत र मध्यमानभन्दा तल अङ्क ल्याउने ६२ प्रतिशत रहेको देखिन्छ । यस आधारमा हेर्दा गुल्मी जिल्लाका संस्थागत विद्यालयमा कक्षा दसमा अध्ययनरत विद्यार्थीको कथालेखन क्षमता कमजोर देखिन्छ । यस वृत्तचित्रका आधारमा के भन्न सकिन्छ भने संस्थागत विद्यालयमा निदानात्मक शिक्षण विधि अवलम्बन गरी शिक्षण गरिनुपर्ने देखिन्छ ।

## ६.३ सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमानका आधारमा कथालेखन क्षमताको तुलनात्मक स्थिति

सङ्कलित तथ्याङ्कबाट कथालेखन क्षमता मध्यमानभन्दा माथि अङ्क ल्याउने विद्यार्थीहरू र मध्यमानभन्दा तल अङ्क ल्याउने विद्यार्थीहरूको तुलनात्मक स्थितिलाई तलको तालिकामा देखाइएको छ ।

तालिका नं. १७

**सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमानका आधारमा कथालेखन क्षमताको तुलनात्मक स्थिति**

| समूह | सङ्ख्या | समग्र मध्यमान | मध्यमान | मध्यमानभन्दा माथि अङ्क ल्याउने | | मध्यमानभन्दा तल अङ्क ल्याउने | |
|---|---|---|---|---|---|---|---|
| | | | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| सामुदायिक | ५० | २३.१८ | २७.२ | २९ | ५८ | २१ | ४२ |
| संस्थागत | ५० | | २०.१६ | १९ | ३८ | ३१ | ६२ |


माथि दिइएको तालिकाअनुसार विद्यालयको प्रकृतिका आधारमा सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमताको तुलनातमक स्थिति देखाइएको छ । जसमा गुल्मी जिल्लाका पाँचओटा सामुदायिक र पाँचवटा संस्थागत गरी जम्मा दसओटा विद्यालयहरूलाई नमुनाका रूपमा लिइएको छ । हरेक विद्यालयबाट दस/दस जनाका दरले जम्मा १०० जना विद्यार्थीहरूको कथालेखन क्षमतालाई देखाइएको छ । तसर्थ तालिकाअनुसार यहाँ १०० जना विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको मध्यमान २३.१८ रहेको छ भने सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरूको मध्यमान छुट्टाछुट्टै रहेको छ । जसअन्तर्गत सामुदायिक विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कहरूको मध्यमान २७.२ रहेको छ भने संस्थागत विद्यालयका विद्यार्थीहरूले प्राप्त गरेको मध्यमान २०.१६ रहेको छ ।

यसरी सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमतामा मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २९ जना र प्रतिशत ५८ रहेको छ भने मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या २१ जना र प्रतिशत ४२ रहेको छ । त्यस्तै संस्थागत विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमतामा मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या १९ जना र प्रतिशत ३८ रहेको छ भने मध्यमानभन्दा कम अङ्क ल्याउने विद्यार्थीहरूको सङ्ख्या ३१ जना र प्रतिशत ६२ रहेको छ । तसर्थ दुबै विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमता तुलना गरेर हेर्दा संस्थागत विद्यालयभन्दा सामुदायिक विद्यालयको मध्यमानभन्दा बढी अङ्क ल्याउने विद्यार्थीहरूको कथालेखन क्षँमता ५८ प्रतिशत रहेको छ ।

यस आधारमा हेर्दा संस्थागत विद्यालयको भन्दा सामुदायिक विद्यालयको कथालेखन क्षमता ७ प्रतिशतले बढी रहेको देखिन्छ । त्यसैले संस्थागत विद्यालयका विद्यार्थीहरूभन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमता राम्रो रहेको देखिन्छ ।

सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको मध्यमानका आधारमा गरिएको कथालेखन क्षमताको तुलनात्मक रुपमा प्राप्त स्थितिलाई तलको स्तम्भ चित्रमा पनि देखाउन सकिन्छ :

**स्तम्भ चित्र नं. ७**




माथिको स्तमभ चित्रमा सामुदायिक विद्यालयका ५८ प्रतिशत र संस्थागत विद्यालयका ३८ प्रतिशत विद्यार्थीहरुले मध्यमानभन्दा माथिको अङ्क प्राप्त गरेका छन् भने सामुदायिक विद्यालयका ४२ प्रतिशत र संस्थागत विद्यालयका ६२ प्रतिशत विद्यार्थी मध्यमानभन्दा तलको अङ्क ल्याउने रहेका छन् । यस स्तम्भ चित्रका आधारमा पनि प्रस्ट के भन्न सकिन्छ भने सामुदायिक र संस्थागत विद्यालयका विद्यार्थीहरुको मध्यमानका आधारमा कथालेखन क्षमताको तुलनात्मक स्थितिमा संस्थागत विद्यालयका भन्दा सामुदायिक विद्यालयका विद्यार्थी कथालेखन क्षमता अति नै राम्रो रहेको देख्न सकिन्छ । स्तम्भ चित्रका आधारमा संस्थागत विद्यालयका विद्यार्थीलाई निदानात्मक शिक्षण विधि अवलम्बन गरी शिक्षण गर्नुपर्ने देखिन्छ ।

# अध्याय सात

# सारांश, निष्कर्ष र उपयोगिता

## ७.१ सारांश

प्रस्तुत शोधपत्र गुल्मी जिल्लाका कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन रहेको छ । यस शोधपत्रभित्र अध्याय एकभित्र अध्ययनको पृष्ठभूमि, समस्याकथन, अध्ययनको उद्देश्य, अध्ययनको सान्दर्भिकता र उपयोगिता, शोधको परिसीमा र शोधपत्रको रूपरेखा राखिएको छ । साथै अध्याय दुईको शीर्षक पूर्वकार्यको समीक्षा र सैद्धान्तिक अवधारणा राखिएको छ जसभित्र पूर्वकार्यको समीक्षामा पुस्तक समीक्षा र शोधपत्रको समीक्षा रहेको छ भने सैद्धान्तिक अवधारणामा कथाको परिचय, कथाको परिभाषा, कथाको स्वरूप, कथाका तत्त्वहरू र कथाको वर्गीकरण रारखिएको छ । अध्याय तिनमा अध्ययनको विधि र प्रक्रिया शीर्षकभित्र शोधविधि शोधप्रक्रिया राखिएको छ । शोधप्रक्रियाभित्र पनि जनसङ्ख्याको पहिचान र प्रतिनिधि नमुना छनोट राखिएको छ । सामग्री सङ्कलन स्रोतमा भने प्राथमिक स्रोत र द्वितीयक स्रोत राखिएको । सामग्री निर्माणमा तथ्याङ्कको व्याख्या विश्लेषण गरिएको छ ।

प्रस्तुत अध्याय चारभित्र प्रस्तुत शोधपत्रमा गुल्मी जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययनमा केन्द्रित रहेको छ । यस अध्ययनमा गुल्मी जिल्लाका कक्षा दशमा अध्यनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन गर्नु, लैङ्गिक आधारमा उक्त कक्षाका विद्यार्थीहरूको कथालेखन क्षमता के कस्तो छ अध्ययन गर्नु, विद्यालय प्रकृतिका आधारमा विद्यार्थीहरूको कथालेखन क्षमताको स्थिति पहिल्याउनु, यी उद्देश्य प्राप्तिका लागि गुल्मी जिल्लाका पाँच सामुदायिक र पाँच संस्थागत विद्यालयका ५०/५० गरी जम्मा १०० जना विद्यार्थी नमुनाका रूपमा छनोट गरिएको छ । नमुना छनोटका क्रममा लैङ्गिक आधारमा छात्रा ५० र छात्र ५० जना रहेका छन् । छनोटमा परेका विद्यार्थीहरूलाई निर्देशात्मक र स्वतन्त्र कथा लेख्न लगाइएको छ । प्राप्त उत्तरपुस्तिकालाई शीर्षक, संरचना, विषय र प्रस्तुतिकरण, वर्णविन्यास, भाषाशैली आदिलाई आधार बनाई परीक्षण गरिएको छ । परीक्षणबाट प्राप्त तथ्याङ्कलाई प्राप्ताङ्कको आधारमा, प्रतिशतको आधारमा मध्यमानको आधारमा र मध्यमानभन्दा तल र मध्यमानभन्दा माथि

अङ्क ल्याउनेलाई स्तम्भ चित्रमा विश्लेषण गर्नुका साथै वृत्तचित्रका माध्यमले पनि मध्यमानभन्दा तल र मध्यमानभन्दा माथि ल्याउने विद्यार्थी सङ्ख्यालाई प्रतिशतमा देखाइएको छ ।

प्रस्तुत अध्ययनमा सामुदायिक विद्यालयका तुलना र संस्थागत विद्यालयका विद्यार्थीहरूको कथालेखन क्षमता निकै कमजोर रहेको पाइयो । साथै छात्रको तुलनामा छात्राको कथालेखन क्षमता कमजोर रहेको देखियो । यसबाट माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरूलाई अध्यापन गराइवने साहित्यिक विधा कथाले सम्बन्धित लेखनका प्रक्रियागत ढाँचाप्रति विद्यार्थीहरू स्पष्ट नभएको स्थिति देखिन्छ । यसका साथै कथा लेख्ने क्रममा कथा लेखनका तत्त्वहरूलाई सबैले उचित रूपमा ध्यान नदिएको पाइयो । साथै कति विद्यार्थीले कथा नभई मनोवाद जस्तो तरिकाले लेखेको पाइयो ।

प्रस्तुत शोधपत्रमा तथ्याङ्क सङ्कलन पछि प्राप्त नतिजालाई स्तम्भ चित्र, वृत्तचित्र, तालिकाका माध्यमबाट व्याख्या विश्लेषण र तुलना गरी गुल्मी जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीको कथालेखन क्षमताको अध्ययन गरिएको छ ।

यस अध्ययन अनुसन्धानले के देखाउँछ भने विद्यार्थीहरूले विधागत अध्ययनप्रति रुचि देखाए तापनि विधागत लेखनतर्फ त्यति चासो राखेको पाइँदैन । केही विद्यार्थीहरू कथालेखन प्रक्रियाको प्रस्तुतिगत ढाँचासँग परिचित भए तापनि धेरै विद्यार्थी यसप्रति अनभिज्ञ रहेको समेत पाइन्छ । यसरी समग्र रूपमा हेर्दा कुनै क्षेत्रमा एउटा समूह अगाडि र अर्को क्षेत्रमा अर्को समूह अगाडि रहेको पाइन्छ । यति हुँदाहुँदै पनि सामुदायिक विद्यालयका विद्यार्थीसँग संस्थागत विद्यालयका विद्यार्थी कमजोर रहेका र छात्रभन्दा छात्रा तुलनात्मक रूपमा माथि रहेको देखिन्छ । यस शोधपत्रमा अध्याय सातमा सारांश, निष्कर्ष र उपयोगिता राखिएको छ ।

## ७.२ निष्कर्ष

प्रस्तुत गुल्मी जिल्लाका कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययनबाट निम्नलिखित निष्कर्ष निकालिएको छ :

- विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन पाँच श्रेणीमा निर्धारण गरिएको छ ।
- कक्षा दशमा अध्ययनरत विद्यार्थीहरूको कथालेखन क्षमता सामान्य नै देखिन्छ ।

- कथा लेखनका क्रममा शुद्धतामा भने छात्राभन्दा छात्रहरूको बढी सचेतता अपनाएको देखिन्छ ।
- छात्रा विद्यार्थीको तुलनामा छात्र विद्यार्थीको कथालेखन क्षमता माथि रहेको देखिन्छ ।
- विद्यालय प्रकृतिका आधारमा हेर्दा संस्थागत विद्यालयका विद्यार्थीहरूको भन्दा सामुदायिक विद्यालयका विद्यार्थीहरूले शीर्षक, संरचना, विषय र प्रस्तुतीकरण, वर्णविन्यास र भाषाशैलीमा ख्याल गरेको देखिन्छ ।
- कथालेखनका क्रममा उखान टुक्काको प्रयोग कमभन्दा कम भएको पाइन्छ ।
- कथालेखनभित्र पनि स्वतन्त्र लेखनभन्दा निर्देशात्मक कथालेखन राम्रो भएको देखिन्छ ।
- समग्रताका दृष्टिमा धेरै विद्यार्थीहरू मध्यस्तरका रहेका र लेखन क्षमतामा एकरूपता नरहेको देखिन्छ ।
- समग्रताका आधारमा विद्यार्थीहरूको मूल्याङ्कन गर्दा विद्यार्थीहरूले प्राप्त गरेको प्राप्ताङ्कको २३.१८ रहेको छ । मध्यमानभन्दा माथि अङ्क ल्याउने ४७ जना र ४७ प्रतिशत छ भने मध्यमानभन्दा तल ल्यवाउने ५३ जना ५३ प्रतिशत रहेको छ ।
- समग्रतालाई आधार मानी हेर्दा धेरै विद्यार्थीहरूको सङ्ख्या मध्यम, निम्न हुनुमा सामुदायिक र संस्थागत विद्यालयको पठनपाठन शैली एकरूपता नहुनु,
- शिक्षकहरूमा कथालेखन क्षमताको सैद्धान्तिक ज्ञान सकारात्मक देखिए तापनि व्यावहारिक रूपमा कार्यान्वयन भएको पाइएन ।
- पाठ्यक्रमले पनि निबन्धलेखनलाई जस्तै कथालेखन कार्यप्रति उचित मार्गनिर्देशन गर्न सकेको छैन ।
- कक्षाकोठामा शिक्षकले कथाको पाठ पढाइसकेपछि आ-आफ्नो रुचिअनुसारको सानो कथा लेख्न सिकाउने तर्फ ध्यान नदिएको देखियो ।

## ७.३ उपयोगिता

कुनै पनि शीर्षकमा अनुसन्धान गरिसकेपछि त्यो कुनै न कुनै क्षेत्रमा उपयोगी हुन्छ । यहाँ गुल्मी जिल्लाका कक्षा दसमा अध्ययन गर्ने विद्यार्थीहरूको कथालेखन क्षमताको अध्ययन शीर्षकमा गरिएको शोधकार्य निम्नलिखित दुई तरिकाले उपयोगी हुने देखिन्छ ।

### ७.३.१ नीतिगत तह

नीतिगत उपयोगितालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- प्रस्तुत शोधपत्रले नेपाली भाषा पाठ्यक्रम, पाठ्यपुस्तक निर्माण गर्न सहयोग गर्दछ । विद्यार्थीहरूका लागि पाठ्यक्रम तयार गर्दा पाठ्यक्रमविद्हरूलाई स्तर क्षमताका आधारमा पाठ्यपुस्तकको छनोट र स्तरणमा सहयोग गर्दछ ।
- विद्यार्थीहरूका लागि पाठ्यक्रम तयार गर्दा पाठ्यक्रमविद्हरूलाई स्तर क्षमताका आधारमा पाठ्यवस्तुको छनोट र स्तरणमा सहयोग गर्नेछ । प्रस्तुत शोधपत्रले भाषा पाठ्यक्रममा समावेश गरिने भाषिक सिपका उद्देश्य पूरा हुने गरी पाठ्यवस्तु छनोट र स्तरण गर्न सहयोग गर्दछ ।
- यस शोधपत्रले कथालेखनसम्बन्धी अध्ययन अनुसन्धानका लागि आधार प्रदान गर्दछ ।
- शैक्षिक नीति निर्माणकर्ताहरूलाई नीति निर्माणका क्रममा सम्बन्धित विषयमा उपयुक्त आधार प्रदान गर्दछ ।
- यस अध्ययनबाट केही हदसम्म माध्यमिक तह नेपाली भाषा पाठ्यपुस्तकलाई परिष्कार एवम् परिमार्जन गर्न उपयोगी हुने छ ।

### ७.३.२ प्रयोगगत तह

प्रयोगगत उपयोगितालाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

- प्रस्तुत शोधपत्रले कक्षा दसमा अध्ययनरत विद्यार्थीहरूलाई  कथालेखन सिप विकास गर्न सहयोग गर्दछ ।
- विद्यार्थीहरूलाई शिक्षण सिकाइ क्रियाकलाप सञ्चालन गर्न आवश्यक पर्ने शैक्षिक सामग्री निर्माण गर्ने शिक्षण विधि र प्रविधि छनोट गर्नमा सहयोग गर्दछ ।

- यस शोधपत्रले विद्यार्थीहरूलाई नेपाली भाषा शिक्षण गराउँदा विषय शिक्षकलाई भाषिक सचेतताका बारेमा थप सहयोग गर्दछ ।
- यस अनुसन्धानले विद्यार्थीहरूले कथालेखनमा गर्न सक्ने त्रुटिहरूको बारेमा विषय शिक्षकलाई समयमा नै जानकारी गराई निराकरणका उपाय खोज्न सहयोग गर्नेछ ।
- यस शोधपत्रको विद्यार्थीहरूलाई कुनै विवषय वा शीर्षकका बारेमा आफ्ना विचार वा भावलाई मौलिक, सहज, संक्षिप्त रूपमा अभिव्यक्ति गराउन सक्ने क्षमताको विकास गराउन सहयोग गर्दछ ।
- विद्यार्थीहरूको लेखन सिपको विकास गराउँदा व्याकरण र वर्णविन्यासगत त्रुटिहरूको निराकरणमा सहयोग पुऱ्याउँदछ ।
- प्रस्तुत अध्ययनबाट भाषिक सिपका दृष्टिले पाठ्यपुस्तकको कठिनाइस्तर र पठनीयताको अनुमान गर्न उपयोगी हुनेछ ।
- यस अध्ययनले भाषा पाठ्यपुस्तकको अभ्यासखण्डमा सिर्जनात्मक अभ्यासको उपयुक्तताको महत्त्व झल्काउने छ ।

## सन्दर्भसामग्री सूची


अधिकारी, सविता (२०६८) 'कक्षा सातमा अध्ययनरत विद्यार्थीको अनुच्छेदलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

अधिकारी, हेमाङ्गराज (२०६९), *नेपाली भाषा शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

अधिकारी, हेमाङ्गराज र शर्मा, केदारप्रसाद (२०७१), *प्रारम्भिक नेपाली शिक्षण,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

ओझा, रामनाथ (२०७१), नेपाली भाषा शिक्षा विभागको विभागीय गोष्ठीमा प्रस्तुत अवधारणा पत्र ।

काफ्ले, दधिराम (२०७२), 'झापा जिल्लाका कक्षा आठमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेदलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

के.सी, शान्ति (२०७०) 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको अनुच्छेदलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

खत्री, मीरा (२०६६), 'उच्च माध्यमिक तह कक्षा ११ मा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेदलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

गौतम, टीकाप्रसाद (२०६८) 'सिन्धुली जिल्लामा कक्षा नौमा अध्ययनरत विद्यार्थीहरूको निबन्ध लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

चापागाई, सुरेन्द्र (२०६६) 'कक्षा एघारमा अध्ययनरत विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

डोटेल, गङ्गा (२०७२), 'स्याङ्जा जिल्लाका कक्षा सातमा अध्ययनबाट विद्यार्थीहरूको निबन्धलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

ढकाल, शान्तिप्रसाद र अन्य (२०७०/७१) *अनिवार्य नेपाली,* काठमाडौं : शुभकामना प्रकाशन ।

निरौला, राजेन्द्र सर्वहारा (२०६५), 'कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको कथालेखन क्षमताको अध्ययन, स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

न्यौपाने, शर्मिला (२०७२), 'तनहुँ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीहरुको कथालेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पुरी, हिमलाल र अन्य (२०६९), *नेपाली कथा र उपन्यास,* काठमाडौं : ओएसिस पब्लिकेसन ।

पोखरेल, माधवप्रसाद र अन्य (२०६४), 'कथाहरुमा प्रत्येक कथालाई मूलपाठ', *सम्प्रेषण,* वर्ष २, अङ्क २, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, सपना (२०७३) 'बर्दिया जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीको निर्देशित कथालेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

पौडेल, सुशीला (२०७१) 'ताप्लेजुङ जिल्लाका कक्षा नौमा अध्ययनरत विद्यार्थीको बुँदाटिपोट लेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

बराल, कृष्णहरि र अन्य (२०६७) *नेपाली कथा र उपन्यास,* काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

बराल, कृष्णहरि र एटम, नेत्र (२०७२) *माध्यमिक नेपाली व्याकरण अभिव्यक्ति र अभ्यास,* काठमाडौं : अक्सफोर्ड इन्टरनेसनल पब्लिकेसन प्रा.लि. ।

भण्डारी, द्वारिका (२०६३), 'कक्षा आठ पुरा गरेका विद्यार्थीहरुको निबन्धलेखन अभिव्यक्ति क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।

भण्डारी, पारसमणि र अन्य (२०६७) *नेपाली गद्य र नाटक,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भुसाल, केशव (२०७३), *भाषाविज्ञान,* काठमाडौँ : पाठशाला पब्लिकेसन ।

लामिछाने, यादवप्रकाश (२०५७), *नेपाली भाषाशिक्षण परिचय,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, मोहनराज (२०५०), *कथाको विकास प्रक्रिया,* ललितपुर : साझा प्रकाशन ।

शर्मा, केदारप्रसाद र पौडेल, माधवप्रसाद (२०७०), *नेपाली भाषा र साहित्य शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, राजेन्द्र (२०५१), *स्नातकोत्तर नेपाली कथा,* ललितपुर : साझा प्रकाशन ।

सापकोटा, रमा (२०६७), 'काभ्रे जिल्लाका कक्षा छमा अध्ययनरत विद्यार्थीहरुको अनुच्छेदलेखन क्षमताको अध्ययन', स्नातकोत्तर शोधपत्र, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि. कीर्तिपुर ।